आठ

भूकम्प पछिको विद्यालय पुनःनिर्माणमा स्रोत बाँडफाँट र वैदेशिक सहायताका आयाम

रुख गुरुङ

पृष्ठभूमि

अप्रिल २५, २०१५ (वैशाख १२, २०७२) मा गोरखा जिल्लाको बारपाक केन्द्रबिन्दु भएर गएको महाभूकम्प र त्यस पछिका शक्तिशाली परकम्पले खास गरी मध्य-उत्तर नेपालमा ठूलो विध्वंश मच्चायो । करिब नौ हजार नेपालीले ज्यान गुमाए भने हजारौँ अंगभंग भए । हजारौँ निजी र सार्वजनिक भवनहरू ध्वस्त भए (एनपीसी सन् २०१५) । यसरी ध्वस्त हुनेमा विद्यालय भवनहरू धेरै परेका छन्, जसले गर्दा लाखौँ विद्यार्थीको पढाइ-लेखाइमा बाधा पुग्यो । विध्वंश भएका सार्वजनिक भवनहरू पुनःनिर्माणका क्रममा राज्यले विद्यालयलाई पहिलोमा नराखे पनि प्राथमिकतामा भने राखेको देखियो । विदेशी अनुदान र ऋण लिएर राज्यले कतिपय स्थानमा पूरै सुविधा सम्पन्न विद्यालय निर्माण (पुनःस्थापना) गरिरहेको देखिन्छ । त्यसरी ऋण लिएकै ठाउँमा "काउण्टरपार्ट फण्ड" भनेर राज्यले पनि ठूलो रकम लगानी गरिसकेको छ भने निर्माणधीन विद्यालयमा पुनःनिर्माणको काम जारी छ ।

यो लेखले विद्यालय पुनःनिर्माणका सम्बन्धमा नेपाली राज्यको नीति एवं दातृ निकायका रवैया उपर प्रश्न उठाउँछ । यसका दुई ओटा मुख्य तर्क छन् । पहिलो, राज्यले भूकम्प पछिको विद्यालय पुनःनिर्माणका क्रममा सामाजिक न्याय गरेको छैन । किनभने, एकतर्फ केही विद्यालयहरूमा प्रशस्त लगानी सहित भीमकाय भौतिक संरचना तयार गरिँदैछ भने अर्कोतर्फ भूकम्पमा परी त्यस्तै किसिमले ध्वस्त भएका कति विद्यालयहरूलाई भने करिब-करिब बेवास्ता गरिएको छ । दोस्रो, नेपालको विद्यालयको पुनःनिर्माण छिमेकी राष्ट्रको आफ्नो अनुकूलता केन्द्रित रवैयाका कारण पनि प्रभावित बन्न पुगेको छ । खास गरी छिमेकी

राष्ट्र चीन र भारतले विद्यालय पुनःनिर्माण गरिदिने भन्दै विभिन्न विद्यालय "ओगटेर" राखे पनि ती दाता राष्ट्रहरूको अनुकूलतामा मात्र काम हुँदा विद्यालय पुनःनिर्माणमा अनावश्यक ढिलाइ भएको छ । ती विद्यालयहरू न स्वयंले पैसाको जोहो गरेर पुनःनिर्माण गर्न सकेका छन्, न आफ्ना विद्यालय पुनःनिर्माणका लागि अन्य विकल्प नै रोज्न पाएका छन् ।

यस अनुसन्धानका क्रममा फेला परेका विभिन्न तथ्य र उदाहरणका आधारमा माथि उल्लिखित दुई ओटा तर्क अघि सारिएको हो । निम्न प्रश्नलाई केन्द्रमा राखेर यो अनुसन्धान गरिएको थियो । भूकम्पपछि विद्यालय पुनःनिर्माण कसरी गरियो/गरिँदैछ ? कुनै विद्यालय छनोट गर्ने वा नगर्ने आधार के हो ? विद्यालयहरूले पुनःनिर्माणका लागि तोकिएको छनोट प्रक्रिया कसरी पार गरे ? दाता राष्ट्रको सहयोगमा निर्माण हुँदैगरेका विद्यालयको पुनःनिर्माणको ढाँचा (मोडालिटी) के हो र प्रगतिको अवस्था कस्तो छ ? यी प्रश्नहरूको उत्तर यो लेखमा दिने प्रयत्न गरिएको छ ।

अनुसन्धान गर्ने क्रममा विभिन्न विद्यालयका शिक्षक, प्रधानाध्यापक, विव्यस प्रतिनिधि, अभिभावक, आदिसँग छलफल गरिएको छ । साथै, राज्यको विभिन्न निकायमा शिक्षासँग सरोकार राख्ने जिम्मेवार पदमा रहेर काम गरेका कर्मचारी वा प्रतिनिधि, विद्यालय पुनःनिर्माणका लागि सहयोग गर्ने दाता राष्ट्र एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिसँग कुराकानी गरिएको छ । यी सबैसँग अप्रिल २०१८ देखि डिसेम्बर २०२१ सम्म विभिन्न समयमा छलफल गरिएको थियो । यसै गरी, भूकम्प तथा पुनःनिर्माण सम्बन्धी मिडियामा आएका सामग्री, नीतिगत प्रावधान र प्रतिवेदनहरू पनि अध्ययन गरिएको थियो ।

लेखमा पृष्ठभूमि र निष्कर्ष बाहेक पाँच खण्ड छन् । पहिलो खण्डमा विद्यालय पुनःनिर्माणको स्थितिबारे समग्र जानकारी प्रस्तुत गरिएको छ । यसले भूकम्प पछिको विद्यालय पुनःनिर्माणको प्रवृत्ति देखाउँछ । दोस्रो खण्डले विद्यालय पुनःनिर्माणका लागि विद्यालय छनोटको आधारबारे बताउँछ । यसले विद्यालय छनोटको नीतिगत र व्यावहारिक पाटो उजागर गर्छ । तेस्रो खण्डमा विद्यालय पुनःनिर्माणमा गरिएको लगानी र लागतबारे केही तथ्यांक सहित चर्चा गरिएको छ । आर्थिक पक्षको यो खण्डले विद्यालय पुनःनिर्माणमा कसरी असमान लगानी भइरहेको छ भन्ने पाटो केलाउनेछ । चौथो खण्डमा विद्यालय पुनःनिर्माणमा दाता राष्ट्रहरूको भूमिका र व्यवहारबारे चर्चा गरिएको छ । पाँचौँ खण्डमा विद्यालय पुनःनिर्माणपछि विद्यालयहरूले भोग्नुपरेका अप्ठ्यारा र थपिएको आर्थिक भारबारे छलफल छ ।

विद्यालय पुनःनिर्माणको स्थिति

महाभूकम्पले नेपालका कम्तीमा ३१ जिल्ला (अति-प्रभावित १४ जिल्ला र प्रभावित १७ जिल्ला) मा ठूलो जनधनको क्षति गऱ्यो ।[१] *विपद् पश्चात्को पुनर्लाभ कार्यढाँचा* (पोस्ट डिजास्टर रिकभरी फ्रेमवर्क) का अनुसार यी ३१ जिल्लाका कुल ९,५५३ विद्यालयको भौतिक संरचनामा क्षति पुग्यो । यसमा पनि २१,१६९ कक्षाकोठा पूर्ण; १२,५२२ कक्षाकोठा अधिक र १५,९९० कक्षाकोठा आंशिक रूपमा गरी कुल ४९,६८१ कक्षाकोठामा क्षति पुगेको सरकारी अभिलेखमा उल्लेख छ (रापुप्रा २०७५क) । यी विद्यालयमा भएका ५,३९३ शौचालय र लगभग यति नै संख्यामा भएका खानेपानी संरचनामा पनि क्षति पुऱ्याएको आकलन गरिएको थियो (रापुप्रा २०७७) । समग्रमा यी सबै विद्यालयमा अध्ययन गर्ने करिब १५ लाख विद्यार्थीलाई यो भूकम्पले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारेको पाइयो ।[२] भूकम्पबाट क्षति बेहोरेका ९,५५३ विद्यालयमध्ये ३२७ विद्यालय अन्यमा समायोजन भएका र १५४ विद्यालय बन्द भएकाले कुल ४८१ विद्यालय पुनःनिर्माण गर्नु नपर्ने सूचीमा छन् । यी विद्यालय घटाउँदा पुनःनिर्माण गर्नुपर्ने विद्यालयको संख्या ९,०७२ हुन आउँछ । सरकारी तथ्यांकका अनुसार यसमध्ये पनि १,५१९ विद्यालयमा "तोकिएको मापदण्ड" (जग्गाको क्षेत्रफल/प्रकृति र विद्यार्थी संख्या) पूरा नभएको तथा बजेट अभावका कारण कुनै प्रकारको स्रोत पुग्न सकेको छैन । यीमध्ये ६३७ विद्यालयमा अझै पनि निर्धारित मापदण्ड अनुसार जग्गाको अभाव र कम विद्यार्थी संख्या रहेको बताइएको छ भने बाँकी ८८२ विद्यालयका लागि बजेट अभाव रहेको भनिएको थियो (कैनी २०७८) । त्यसैले त्यति बेला सरकारले ७,५५३ विद्यालयमा पुनःनिर्माण गर्ने लक्ष्य राखेको थियो ।[३]

भूकम्पबाट प्रभावित विद्यालयहरूमा भूकम्प लगत्तै राहत र पुनःस्थापनाको काम शुरू भयो । साथै, सरकारले तत्काल पठनपाठन शुरू गर्ने निर्णय गरेसँगै क्षतिग्रस्त प्रायः सबै विद्यालय हातामा अस्थायी सिकाइ केन्द्रहरू स्थापना गरी त्यहींबाट शैक्षिक क्रियाकलाप सुचारु गरियो । योसँगै सरकारले क्षतिग्रस्त विद्यालयको भौतिक क्षति आकलन गर्न *विपद्*

[१] भूकम्प जाँदा शुरूमा ३१ ओटा जिल्ला भए पनि सन् २०१७ मा संघीयता कार्यान्वयनका क्रममा राज्य पुनःसंरचना हुँदा भूकम्प प्रभावित मध्येको एउटा जिल्ला नवलपरासी दुई ओटा जिल्लामा विभक्त भयो । तर विद्यालय पुनःनिर्माण हेर्ने कार्यालय यी दुई जिल्लामा एउटा नै कायम भएको कारण यो लेखमा ३१ जिल्ला नै भनिएको छ ।

[२] केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले तयार पारेको डाटाबेसमा आधारित छ ।

[३] यो तथ्यांक दैनिक अद्यावधिक हुने हुँदा विद्यालय संख्या तलमाथि हुन सक्छ । विगतमा कुनै पनि स्रोत पुग्न नसकेको विद्यालय (१,५१९) मध्ये थप ३० विद्यालयमा पुनःनिर्माणको काम अघि बढ्ने क्रममा छ । यो तथ्यांक केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) का शाखा अधिकृत यदु विक्रम थापासँग फेब्रुअरी १, २०२२ मा लिइएको हो ।

पश्चात्को आवश्यकता आकलन प्रतिवेदन बाहिर ल्यायो । यो प्रतिवेदन अनुसार भूकम्प अघिको मूल्यलाई आधार मान्ने हो भने शिक्षा क्षेत्रमा (उच्च शिक्षा, विद्यालय शिक्षा, इत्यादि) करिब ३१ अर्बको क्षति भएको थियो । यसमा २८ अर्ब बराबरको विद्यमान पूर्वाधार र भौतिक सम्पत्ति नष्ट भएको थियो भने बाँकी ३ अर्ब अस्थायी सिकाइ केन्द्र, बालबालिका मैत्री ठाउँ र सरसफाइ केन्द्र निर्माण गर्न; भत्केका भवनका अवशेष हटाउन; र सामान्य क्षति भएका विद्यालय मर्मत गर्न अतिरिक्त खर्च भएको अनुमान गरिएको थियो । क्षति पुगेकामध्ये ८ प्रतिशत निजी र ९२ प्रतिशत सार्वजनिक शिक्षण संस्था थिए ।[४] यो प्रतिवेदन अनुसार शिक्षा क्षेत्र पुनःस्थापना र पुनःनिर्माणका लागि पाँच वर्ष लाग्ने उल्लेख थियो । र, यो क्षेत्र पुनःस्थापना र पुनःनिर्माण गर्न "बिल्ड ब्याक बेटर" सिद्धान्तलाई अवलम्बन गरिने भयो ।[५] साथै, यसरी पुनःनिर्माण गर्दा शिक्षा क्षेत्रका लागि करिब ३९ अर्ब खर्च लाग्ने अनुमान गरियो । यसमध्ये ९१ प्रतिशत (करिब ३६ अर्ब) विद्यालय पुनःनिर्माणका लागि आवश्यक रहेको आकलन गरियो । यो पुनःनिर्माण छोटो, मध्यम र लामो-दुरी (लङ-टर्म) रणनीतिको आधारमा गर्न सकिने बताइएको थियो (एनपीसी सन् २०१५) ।

यो प्रतिवेदन जुन २०१५ मा काठमाडौँमा भएको दाता सम्मेलनमा प्रस्तुत गरिएको थियो । *विपद् पश्चातको आवश्यकता आकलन* प्रतिवेदन अनुसार उक्त दाता सम्मेलनमा एशियाली विकास बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), भारत सरकार, चीन सरकार इत्यादिले विद्यालय पुनःनिर्माणका लागि प्रतिबद्धता जनाए ।[६] नेपाल सरकारले भूकम्प पछिको पुनःनिर्माणको लागि डिसेम्बर २७, २०१५ मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (यसपछि प्राधिकरण मात्र) गठन गरेर काम अगाडि बढायो । प्राधिकरण गठनसँगै फेब्रुअरी २९, २०१६ मा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) र भूकम्प प्रभावित जिल्लामा जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) गठन गरियो । यससँगै करिब दुई महिनापछि विद्यालय पुनःनिर्माणको लागि नेपाल सरकारबाट यी आयोजना कार्यान्वयन इकाईलाई अख्तियारी प्राप्त भयो (श्रेष्ठ सन् २०१८क) । नेपाल सरकारबाट मे २०१६ मा *विपद्*

[४] उक्त प्रतिवेदनमा निजी क्षेत्रको शिक्षामा क्षतिको तथ्यांक ११ जिल्लाको मात्र लिएको हुँदा क्षतिको वास्तविक तथ्यांक योभन्दा बढी हुनसक्छ (एनपीसी सन् २०१५) ।

[५] यो सिद्धान्त अनुसार विपद्ले क्षति भए पश्चात् कुनै पनि संरचना पुनःनिर्माण गर्दा पहिलेजस्तो नभई भविष्यमा आइपर्नसक्ने विपद्लाई समेत सो संरचनाले थेग्न सकोस् भन्ने मान्यता राखिन्छ । यसबारे थप जानकारीका लागि https://www.undrr.org/terminology/build-back-better हेर्नुहोस् ।

[६] दाताले प्रतिबद्धता जनाए अनुसार अगस्ट २४, २०१५ मा एशियाली विकास बैंक र डिसेम्बर २१, २०१५ मा जापान अन्तर्राष्ट्रिय सहयोग नियोगसँग नेपाल सरकारले ऋण सम्झौता गऱ्यो (श्रेष्ठ सन् २०१८क) ।

पश्चात्को पुनर्लाभ कार्यढाँचा २०७३–२०७७ तयार भयो । *विपद् पश्चात्को आवश्यकता आकलन*ले विद्यालय पुनःनिर्माणका लागि करिब ३६ अर्ब रकमको आवश्यकता देखाए पनि पुनर्लाभ कार्यढाँचा अनुसार करिब १३० अर्ब रुपियाँ विद्यालय पुनःनिर्माणमा आवश्यक पर्ने देखियो (एनआरए सन् २०१६; श्रेष्ठ सन् २०१८क) । *विपद् पश्चात्को आवश्यकता आकलन*मा साबिककै स्थितिको विद्यालय पुनःनिर्माण र पुनःस्थापनाको कल्पना गरिएको थियो । *विपद् पश्चात्को पुनर्लाभ कार्यढाँचा*मा भने समग्र विद्यालय पुनःनिर्माण र केही "कम्प्लिट स्कूल अप्रोच" मा बन्ने विद्यालयको परिकल्पनाले विद्यालय पुनःनिर्माणको अनुमानित लागत बढ्न गएको थियो ।[७] भूकम्प अघिको अवस्थाको विद्यालय भवनभन्दा प्रस्तावित भवन सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी हुने हुँदा विद्यालयको लागत बढ्नु स्वाभाविक देखिन्छ । *विपद् पश्चात्को आवश्यकता आकलन*ले शिक्षा क्षेत्र पुनःनिर्माण पाँच वर्षमा सम्पन्न गर्ने लक्ष्य राखे पनि प्राधिकरणले विद्यालय क्षेत्रको पुनःनिर्माण तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेको थियो । सो लक्ष्य प्राप्तिका लागि प्राधिकरणबाट बजेट अख्तियारी प्राप्त गर्ने गरी शिक्षा मन्त्रालयको मातहतमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले काम गऱ्यो ।

भूकम्प प्रभावित विद्यालयको पुनःनिर्माण बहुढाँचा (मल्टिपल मोडालिटी) मा गर्ने गरी यो इकाई अगाडि बढ्यो । मूलतः वित्तीय स्रोतको आधारमा बनाइएको सो ढाँचा अन्तर्गत विद्यालयको पुनःनिर्माण निम्न चार किसिमले हुने भए : १) पुनःनिर्माण गर्नुपर्ने सम्बन्धित विद्यालयमा विद्यालय व्यवस्थापन समिति (विव्यस) मार्फत बन्ने विद्यालय; २) (अन्तः) राष्ट्रिय गैरसरकारी संस्थाको सहयोग मार्फत निर्माण गरिने विद्यालय; ३) निर्माण व्यवसायी प्रत्यक्ष रूपमा संलग्न हुने र यसमा विव्यस, आयोजना कार्यान्वयन इकाई (शिक्षा) मार्फत सुपरिवेक्षण हुने विद्यालय; र ४) "टर्न-की" मोडल (नेपाल सरकारले दातालाई विद्यालय उपलब्ध गराउने, दाताले सम्पूर्ण निर्माण कार्य सम्पन्न गरेपछि सरकारलाई हस्तान्तरण गर्ने) मा बन्ने विद्यालय ।[८] विव्यस मार्फत करिब ७५ प्रतिशत विद्यालय, गैरसरकारी संस्था मार्फत करिब १५ प्रतिशत विद्यालय र बाँकी (करिब १०%) निर्माण व्यवसायी मार्फत

[७] "कम्प्लिट स्कूल अप्रोच" अन्तर्गत बन्ने विद्यालयमा विद्यालयलाई चाहिने भौतिक पूर्वाधारको सबै सुविधा हुन्छ । यो अवधारणा अन्तर्गत बनेको विद्यालयमा विद्यार्थी संख्याको आधारमा कक्षाकोठा, एउटा ईसीडी कक्षा, फर्निचर, गार्ड, भण्डार कोठा, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर/आर्ट कोठा, प्रधानाध्यापक/शिक्षक/प्रशासनका लागि बेग्लै कोठा, चमेना गृह, महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय, खानेपानी, बिजुली बत्ती, पावर ब्याकअपको सुविधा, साथै वरिपरि कपाउण्ड वाल समेत बनाइन्छ । यी भौतिक संरचना अपांगतामैत्री समेत हुने भनिएको छ ।

[८] विद्यालयको पुनःनिर्माण बहुढाँचा (मल्टिपल मोडालिटी) बारे विस्तृत छलफल यसै लेखको पुनःनिर्माणमा लगानी र लागतको पक्ष खण्डमा गरिएको छ ।

पुनःनिर्माण हुने लक्ष्य राखिएको थियो । थोरै संख्याका (करिब १%) विद्यालय "टर्न-की" ढाँचामा पुनःनिर्माण गर्ने लक्ष्य राखिएको थियो (सापकोटा २०७८) ।[९]

सरकारले तीन वर्षभित्र सबै विद्यालयको पुनःनिर्माण सम्पन्न गर्ने भने पनि प्राधिकरणबाट उपलब्ध तथ्यांकले भूकम्प गएको सात वर्ष बित्न लाग्दा समेत (मार्च १०, २०२२ सम्म) लक्षितमध्ये ६,३३७ (करिब ८४%) विद्यालयको पुनःनिर्माण सम्पन्न भएको देखाउँछ । त्यस्तै, १,२१६ (करिब १६%) विद्यालय निर्माणाधीन छन् ।

तालिका १ : विद्यालय पुनःनिर्माणको पछिल्लो अवस्था

	विव्यस	प्रतिशत	निर्माण व्यवसायी	प्रतिशत	गैरसरकारी संस्था	प्रतिशत	जम्मा	प्रतिशत
निर्माण सम्पन्न	५,०५४	८४	५६३	७६	७२०	९४	६,३३७	८४
निर्माणाधीन	९९८	१६	१७५	२४	४३	६	१,२१६	१६
कुल संख्या	**६,०५२**	**१००**	**७३८**	**१००**	**७६३**	**१००**	**७,५५३**	**१००**

अन्तिम अद्यावधिक : मार्च १०, २०२२ ।[१०]

नेपाल सरकारको तथ्यांकलाई हेर्ने हो भने पुनःनिर्मित विद्यालयमध्ये संख्यात्मक रूपमा सबैभन्दा धेरै विद्यालयको निर्माण विव्यसको नेतृत्वमा सम्पन्न भएको छ । विव्यस अन्तर्गत अहिलेसम्म ५,०५४ विद्यालयको निर्माण सम्पन्न भएका छन् भने ९९८ विद्यालय निर्माणाधीन छन् । प्रतिशतमा हेर्ने हो भने दिइएको लक्ष्य पूरा गर्नेतर्फ गैरसरकारी संस्था सबैभन्दा अगाडि देखिन्छन् । गैससले पुनःनिर्माण थालेका ६ प्रतिशत विद्यालय मात्र सम्पन्न हुन बाँकी छन् । निर्माण व्यवसायी मार्फत बनेका विद्यालय अरू (विव्यस र गैरसरकारी) को तुलनामा धीमा गतिमा अघि बढिरहेका छन् (हेर्नहोस् तालिका १) ।

विद्यालय छनोटको आधार

यो खण्डमा विद्यालय पुनःनिर्माणको लागि विद्यालयहरू कसरी छनोट गरिए भन्नेबारे विस्तारमा चर्चा गरिनेछ । भूकम्पपछि विद्यालय पुनःनिर्माणको काम व्यवस्थित गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले *विद्यालय पुनर्निर्माण*

[९] "टर्न-की" मोडलबाट निर्माण हुने विद्यालय ज्यादै न्यून भएका कारण लक्ष्य प्रतिशतलाई उल्लेख गरिएको छैन ।

[१०] यो तथ्यांक केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) को वेबसाइटबाट लिएको हो । यो तथ्यांक समय-समयमा अद्यावधिक भइरहन्छ ।

कार्यविधि २०७३ लाई अद्यावधिक गरी *विद्यालय पुनर्निर्माण कार्यविधि (पहिलो संशोधन), २०७५* ल्याएको थियो । सरकारले संशोधित कार्यविधि अनुसार विद्यालय पुनःनिर्माण अघि बढाउने भयो । यस कार्यविधिमा उल्लेख भए अनुसार पुनःनिर्माण गर्नुपर्ने विद्यालयले कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा विद्यालय पुनःनिर्माणको प्रस्ताव तयार गरेर जिल्ला आयोजना कार्यान्वयन इकाईमा पेस गर्नुपर्छ । यो अनुसूची-१ मा विद्यालयको कक्षा, विद्यार्थी संख्या, भूकम्पले कक्षा कोठामा पुऱ्याएको क्षति, मर्मतपछि उपयोगमा आउनसक्ने कक्षा कोठाको संख्या, निर्माण गर्न आवश्यक कक्षा कोठाको संख्या, विद्यालय निर्माण स्थलमा जग्गा पर्याप्त छ वा छैन भन्ने विवरण भर्नुपर्ने हुन्छ ।[११] यसका साथै, अनिवार्य शर्त सम्बन्धी विवरणमा पहिल्यै गैरसरकारी संघ-संस्था वा व्यक्तिद्वारा निर्माण गर्ने भनी द्विपक्षीय वा त्रिपक्षीय सम्झौता भए-नभएको; विद्यालय निर्माण गरिने जग्गाको स्वामित्व/भोगचलनको सिफारिस प्राप्त भए-नभएको; विभिन्न कारणले स्थानान्तरण गर्नुपर्ने वा समायोजन (मर्जिङ) को सम्भावना भए-नभएको; वा विद्यालय निर्माण स्थलमा बाढी पहिरो तथा नदी कटान आदिको जोखिम भए-नभएको निश्चित गर्नुपर्ने हुन्छ (रापुप्रा २०७५ख) । सरकारले प्रस्तावित गरेकोमध्ये कस्तो डिजाइनमा विद्यालय भवन बनाउने भन्ने पनि विद्यालयले छनोट गरी जिल्ला आयोजना कार्यान्वयन इकाईमा प्रस्ताव पेस गर्नुपर्छ ।

यो प्रस्ताव पेस गरिसकेपछि यही कार्यविधि अन्तर्गतको अनुसूची-२ मा उल्लेख भएको पुनःनिर्माणका लागि विद्यालय छनोटका अनिवार्य शर्त र आधार पूरा भए-नभएको जिल्ला आयोजना कार्यान्वयन इकाईले रुजू गर्दछ । साथै, प्रस्ताव उपर प्राविधिक टोलीले माग गरेको विद्यालय भवनको डिजाइनको लागि आवश्यक मापदण्ड वा अनिवार्य शर्त पूरा छ-छैन भनेर निरीक्षण गर्छ । यो कार्यविधिको अनुसूची-२ अनुसार कुनै विद्यालय पुनःनिर्माणको लागि छनोट हुन : क) भूकम्पबाट भएको क्षतिको अवस्था (ड्यामेज ग्रेड) लाई ५० प्रतिशत र ख) त्यस विद्यालयमा पढिरहेका विद्यार्थी संख्यालाई ५० प्रतिशत गरी कुल १०० प्रतिशत मानेर धेरै अंक ल्याउने विद्यालय छनोट गरिने प्रावधान छ । यो चरण पार गरेपछि जिल्ला आयोजना कार्यान्वयन इकाईले केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मा प्रस्ताव पठाउँछ । यसरी पठाइएको विद्यालय कार्यविधिको दफा ४

[११] पर्याप्त जग्गा भन्नाले कति जग्गा भनेर कार्यविधिमा प्रस्ट उल्लेख नभए पनि यो पुनःनिर्माणको मोडालिटी (ढाँचा) अनुसार कम या बढी हुने गर्दछ । उदाहरणका लागि अनुदान र ऋणबाट बन्ने विद्यालयको हकमा जग्गाको क्षेत्रफल ८ देखि १० रोपनी तथा मोहडा १८ मिटर हुनुपर्ने बताइन्छ (दाहाल २०७४) । अन्य सबै खालका विद्यालयका हकमा विद्यार्थी संख्या अनुसार कम्तीमा पनि विद्यालयलाई चाहिने खुला चौर र खेलमैदान समेत बनाउन पुग्ने हुनुपर्ने भनिएको छ । कुनै पनि विद्यालयमा प्रशस्त जग्गा भएर पनि यदि जग्गा भिरालो तथा बाढी, पहिरो, नदी कटान, आदिको जोखिम हुने खालको छ भने त्यो जग्गा विद्यालय पुनःनिर्माण गर्न अयोग्य मानिन्छ ।

अनुसार छनोट हुन्छ । यसपछि विद्यालय निर्माणका लागि निर्धारित जग्गा उपयुक्त हो वा होइन भनेर माटो परीक्षण गरिन्छ । माटो परीक्षण अनुसार विद्यालय भवन बनाउन उपयुक्त भएको निर्क्योलपछि परामर्शदाता छनोट गरिन्छ । परामर्शदाता छनोटसँगै भवन संहिता अनुसार डिजाइन गरेर केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) बाट स्वीकृति लिएपछि विद्यालय भवन निर्माणको काम शुरू गरिन्छ । विद्यालय छनोट गर्दा दफा ३ अनुसार परेको प्रस्तावका आधारमा क्षति र विद्यालय अध्ययन गर्ने विद्यार्थी संख्यालाई प्राथमिकता दिनुपर्छ । साथै, यस बाहेक भविष्यमा विद्यालय पुनःनिर्माणपछि विद्यार्थी संख्या बढ्ने सम्भावना भएका विद्यालय पनि छनोटको एउटा आधारको रूपमा राखेको पाइन्छ (श्रेष्ठ सन् २०१८क) । यदि कुनै विद्यालय पुनःनिर्माण गर्न एक वर्षभन्दा बढी समय लाग्छ भने यस्ता विद्यालयले सम्बन्धित सबै पक्षसँग छलफल गरी गुरुयोजना बनाई काम अगाडि बढाउनुपर्छ ।

यो कार्यविधिको अनिवार्य शर्त अनुसार पुनःनिर्माणमा पर्ने विद्यालयले निम्न शर्त पूरा गरेको हुनैपर्छ : पर्याप्त जग्गा र सो को लालपुर्जा भएको; "कम्प्लिट स्कूल अप्रोच" मा बन्ने माध्यमिक विद्यालयको हकमा विद्यार्थी संख्या २०० भन्दा बढी भएको; भविष्यमा विभिन्न कारणले स्थानान्तरण वा समायोजन (मर्जिङ) को सम्भावना नभएको; विद्यालय निर्माणका लागि जग्गा सबै किसिमले उपयुक्त (अर्थात् जग्गाको पर्याप्तता, बाढी, पहिरो, नदी कटान, आदिको जोखिम नरहेको) भएको; भूकम्पअधि विद्यालय व्यवस्थापन समिति गठन भएको, इत्यादि । यस किसिमका शर्तहरूले गर्दा आवश्यक भएर पनि कतिपय विद्यालय पुनःनिर्माण योजनामा पर्ने सकेनन् । उदाहरणका लागि काठमाडौँ यट्खास्थित कन्या माविलाई लिन सकिन्छ । उक्त विद्यालय जम्मा तीन आना क्षेत्रफल जग्गामा ठडिएको छ । तसर्थ विद्यालयसँग खुला चौर, खेल मैदान हुने कुरै भएन । प्रायः न्यून आय भएका नागरिकका सन्तानहरू यस विद्यालयमा पढ्छन् । तर जग्गा अभावकै कारण भूकम्पले चर्किएर जीर्ण हुँदा पनि यो विद्यालय पुनःनिर्माणका लागि छनोट हुन सकेन (गौतम २०७६) ।

यस्तो समस्याले गर्दा काठमाडौँ महानगरपालिका भित्रका कुल १५ ओटा विद्यालयमा पठनपाठनका लागि अयोग्य भनी रातो स्टिकर टाँसिएको भए पनि त्यहाँ अध्ययन-अध्यापन भइरहेको छ । ती विद्यालय पुनःनिर्माण हुन नसक्नुमा निर्धारित मापदण्ड अनुसार जग्गाको अभाव/अपर्याप्तता वा विद्यालय भवन निर्माण भएका जग्गाको स्वामित्वको विवाद प्रमुख कारण मानिएका छन् ।[१२] यसै गरी ललितपुरका २३ विद्यालयमा जग्गा अभाव र विद्यार्थी संख्या न्यून भएका कारण विद्यालय पुनःनिर्माणको काम हुन सकेको छैन । तीमध्ये करिब

[१२] तीमध्ये कतिपय विद्यालय पर्ती जग्गामा बनेका छन् । पर्ती भन्नाले सरकारको अधिनमा रहेको जग्गा भन्ने बुझिन्छ जुन जग्गा विद्यालयले भोगचलन गर्न पाइने वा नपाइने भन्ने सम्बन्धमा विवाद देखिन्छ ।

आधा विद्यालयमा रातो स्टिकर टाँसिएको छ, तैपनि तिनै भवनमा विद्यार्थी राखेर पढाइ जारी राखिएको छ (गौतम २०७६) । उता रसुवाको रसुवा माविमा विद्यार्थी संख्या यथेष्ठ (६२७ जना) हुँदाहुदै पनि मापदण्ड अनुसार जग्गा अपुग भएकै कारण सुविधा सम्पन्न विद्यालय भवन बन्न सकेन । एशियाली विकास बैंक र जाइकाको सहयोगबाट बन्ने ठूला विद्यालयका लागि न्यूनतम ८ देखि १० रोपनी जग्गा आवश्यक पर्छ । पक्की भवनको लागि जग्गाको मोहडा कम्तीमा १८ मिटर चाहिने सरकारी नीति छ । तर रसुवा माविसँग १३.५ मिटर मात्र मोहडा भएको त्यो पनि भिरालो जग्गामा स्कूल बनेकै कारण यो विद्यालयले सुविधा सम्पन्न पूर्वाधार सहित पुनःनिर्माणका लागि अनुदान वा ऋण प्राप्त गर्न सकेन (दाहाल २०७४) ।

कुनै पनि विद्यालय पूर्ण रूपमा क्षति भएर पुनःनिर्माण आवश्यक छ भने पनि सरकारको यो नीतिले अनुदान पाउनबाट वञ्चित रहन पुगे । एकतिर जग्गा प्रशस्त छ भने पनि विद्यार्थी संख्या कम हुँदा वा विद्यार्थी संख्या पर्याप्त हुँदाहुँदै पनि जग्गा सम्बन्धी मापदण्ड नपुग्दा विद्यालय पुनःनिर्माणका लागि अनुदान मिल्न सकेन । उसै पनि भूकम्पले जीर्ण बनाएका भवन बनाउन त्यस्ता विद्यालयसँग आफ्नै स्रोत हुने कुरा भएन । त्यसैले यस्ता विद्यालयमा पढ्ने विद्यार्थीहरू राम्रा र सुविधा सम्पन्न विद्यालय भवनमा पढ्न त पाएनन् नै प्रयोग गर्नै नमिल्ने भनी रातो स्टिकर लगाइएका विद्यालय भवनमा खतरा मोलेर बस्न बाध्य भए । घरपायकका आफूले पढिरहेका विद्यालय छाडेर टाढा जान पनि तिनलाई आर्थिक वा अन्य कारणले कठिन हुने हुँदा यस्ता सरकारी नीतिको मारमा समाजका सीमान्तकृत समूह र विपन्न वर्ग नै पर्ने देखिन्छ । विद्यालय छनोटको लागि सरकारले ल्याएको यस्तो मापदण्डले गर्दा पहिल्यै सम्पन्न (जग्गा वा विद्यार्थी संख्याका हिसाबले) विद्यालयले बढी फाइदा लिने र नहुनेले सुविधाबाट वञ्चित रहनुपर्ने भयो ।

दाताको ऋण र अनुदानमा बनेका सुविधा सम्पन्न भवन प्रायः माध्यमिक तहसम्म पढाइ हुने विद्यालयमा बनिरहेका छन् (यसबारे पुनःनिर्माणमा लगानी र लागतको पक्ष खण्ड हर्नुहोस्) । अति प्रभावित १४ जिल्लामा प्रायःजसो विद्यालय भत्केका छन् । तसर्थ विद्यालय छनोटको पूर्व शर्तमा भूकम्पबाट भएको क्षतिको अवस्था (ड्यामेज ग्रेड) जसको अंकभार ५० प्रतिशत छ, त्यो प्रायः सबै विद्यालयले पाउने भइहाले । अर्को महत्त्वपूर्ण आधार भनेको विद्यार्थी संख्या नै हो । यही आधारले गर्दा ऋण वा अनुदानबाट प्राप्त हुने स्रोत प्रायः ठूला विद्यालयमा नै लक्षित हुने हुँदा कम विद्यार्थी भएका विद्यालय (माबि वा प्रायः आधारभूत) छनोटको सूची बाहिरै पर्न गए ।

कानूनी आधारका हिसाबले विद्यालय छनोटको मापदण्ड माथि चर्चा गरिए जस्तो देखिए पनि त्यस भित्रको व्यावहारिक पाटोमा केही भिन्न परिदृश्य देखिन्छ । भूकम्पबाट क्षति भएका र पर्याप्त विद्यार्थी संख्या भएका विद्यालय मध्येमा पनि कुन चाहिँ छनोटमा

परेका छन् भनेर बुझ्न छनोट भएका सम्बन्धित विद्यालयको अनुभवबारे जानकारी राख्न जरुरी छ ।

रसुवाको एक विद्यालयका प्रधानाध्यापकका अनुसार उनलाई जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) का कर्मचारीले फोन गरेर विद्यालय पुनःनिर्माणको लागि प्रस्ताव माग भएकोले त्यहींबाट प्रस्ताव हाल्न आग्रह गरे । यसका लागि बन्ने विद्यालयको मोडल (नमूना) कस्तो हुनुपर्छ भन्नेबारे पनि उनैले सुझाए । उनको विद्यालयले एकै दिनमा प्रस्ताव लेखेर पेस गरे । सो विद्यालय पुनःनिर्माणको लागि छनोटमा पनि पऱ्यो । त्यसै गरी काभ्रेको एक प्रधानाध्यापकले बताए अनुसार उनको विद्यालय जिल्ला आयोजना कार्यान्वयन इकाईले पहिलो चरणमा बनाएको विद्यालय हो । उनको विद्यालयले विद्यालय पुनःनिर्माणको काम हुने पक्का-पक्की भएपछि मात्र प्रस्ताव पेस गरेको थियो । अर्थात् जिल्ला आयोजना कार्यान्वयन इकाई सम्बद्ध कर्मचारीसँग पहिला नै कुराकानी मिलाएपछि मात्र विद्यालयको तर्फबाट आवश्यक कागजात सहित प्रस्ताव हालिएको थियो । यो नितान्त व्यक्तिगत चिनजान र पहुँचको आधारमा भएको थियो । गोरखाको एक विद्यालयका प्रधानाध्यापकको अनुभव पनि योभन्दा भिन्न छैन । उनको विद्यालय पहिला भारत सरकारको सहयोगमा निर्माण हुने भनिएको थियो । तर भारत सरकारले सडक पहुँचको कारण देखाएर पुनःनिर्माण हुन नसक्ने जनाएपछि अर्को दाता जाइकाबाट पनि विद्यालय पुनःनिर्माण हुने कुरा आयो । पछि विद्यालयसम्म सडक नपुगेको कारण विद्यालय पुनःनिर्माण गर्न जाइका पनि पछि हट्यो ।[१३] अर्थात् सरकारी नीतिमा उल्लिखित मापदण्ड पूरा हुँदाहुँदै पनि सो विद्यालय पुनःनिर्माणको काम हुन सकेन ।

माथिका यी उदाहरणले के देखाउँछ भने पुनःनिर्माणको लागि विद्यालय छनोटको निश्चित आधार हुँदाहुँदै पनि तिनको व्यावहारिक कार्यान्वयनमा अन्य पक्षले प्रभाव पाऱ्यो । यसरी राजनीतिक "पहुँच" र दाताको "सहजता" को आधारमा पनि विद्यालयहरू पुनःनिर्माणको लागि छनोट भएका देखिन्छन् । केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले विद्यालय पुनःनिर्माणको लागि जिल्लालाई निश्चित कोटा पठाउँछ । सरकारको मापदण्ड अनुसार जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले विद्यालय छनोट गरेर केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मा पठाउँछ । जुन आफैमा केन्द्रीकृत प्रक्रिया हो । त्यसमाथि, विद्यालय छनोट अनुभव हेर्दा जिल्ला/केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले भुईं तहको आवश्यकता अथवा विद्यालयले पेस गरेको प्रस्तावका आधारमा कतिलाई छनोट गर्ने भन्दा पनि निश्चित जिल्लामा पहिला नै कोटा निर्धारण गरी सोही अनुसार छनोट गरेको देखिन्छ । त्यसैले विद्यालय पुनःनिर्माणका लागि विद्यालय छनोट गर्न कार्यविधि ल्याएर

[१३] रसुवा, काभ्रेपलाञ्चोक र गोरखाका प्रधानाध्यापकहरूसँग सेप्टेम्बर र नोभेम्बर २०२१ मा फरक-फरक दिनमा भएको कुराकानी ।

निश्चित मापदण्ड तोके पनि कतिपय अवस्थामा त्यो प्रक्रिया केवल औपचारिकतामा मात्र सीमित रहन पुग्यो ।

पुनःनिर्माणमा लगानी र लागतको पक्ष

यो खण्डमा विद्यालय पुनःनिर्माण गर्दा लाग्ने लागत र त्यसमा भएको लगानीबारे चर्चा गरिनेछ । नेपाल सरकारले विद्यालय शिक्षा पुनःनिर्माणका लागि *विपद् पश्चात्को पुनर्लाभ कार्यढाँचा* मार्फत करिब १३० अर्ब रकम आवश्यक रहेको बतायो (एनआरए सन् २०१६; श्रेष्ठ सन् २०१८क) । यसको लागि जुन २०१५ मा काठमाडौँमा भएको दाता सम्मेलन र त्यसपछि जापान अन्तर्राष्ट्रिय सहयोग नियोग, एशियाली विकास बैंक, भारत सरकार, चीन सरकार, अमेरिकी सहयोग नियोग (युएसएआईडी), साउदी फण्ड, विभिन्न गैरसरकारी संस्था र अन्य विकास साझेदारले विद्यालय पुनःनिर्माणका लागि अनुदान र ऋण उपलब्ध गराउने प्रतिबद्धता जनाए । ऋण र अनुदानमा बन्ने भूकम्प प्रभावित विद्यालयको पुनःनिर्माण बहुढाँचा प्रणालीबाट भइरहेको छ । मूलतः वित्तीय स्रोतको आधारमा बनाइएको सो ढाँचा अन्तर्गत विद्यालयहरूको पुनःनिर्माण चार किसिमका ढाँचामा भइरहेको छ । यी ढाँचासँगै लगानी र लागतको कुरा गरौँ ।

तालिका २ : विद्यालय व्यवस्थापन समिति मार्फत बन्ने विद्यालयको लागत अनुमान

क्र.स.	भवनको प्रकार	अधिकतम लागत रकम (रुपियाँमा)	आर्थिक वर्ष
१	८ कोठे पक्की भवन	१,१०,२५,०००	२०७४/७५
२	६ कोठे पक्की भवन	८९,२५,०००	२०७४/७५
३	४ कोठे पक्की भवन	७०,४०,०००	२०७६/७७
४	३ कोठे ट्रस भवन	३५,८०,०००	२०७६/७७
५	२ कोठे ट्रस भवन	२३,९०,०००	२०७६/७७
६	शौचालय ब्लक	१५,००,०००	२०७६/७७
७	खानेपानी सुविधा	७,४०,०००	२०७६/७७

स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई ।[१४]

[१४] केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई "हालसम्म निर्मित भौतिक संरचना लागत इष्टिमेट सम्बन्धमा" जनवरी ३१, २०२२ मा पठाएको पत्रमा आधारित ।

विद्यालय व्यवस्थापन समिति मार्फत विद्यालय पुनःनिर्माण : यो मोडल अनुसार नेपाल सरकारको पूँजीगत स्रोतबाट विद्यालय पुनःनिर्माण हुन्छन् । केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले जिल्लालाई प्रत्येक वर्ष विद्यालय पुनःनिर्माण गर्न निश्चित कोटा प्रदान गर्छ । जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले *विद्यालय पुनर्निर्माण कार्यविधि (पहिलो संशोधन),* २०७५ लाई आधार मानेर विद्यालय छनोट गरी केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मा पुनःनिर्माण गर्नुपर्ने विद्यालयको विवरण पठाउँछ । र, प्रस्ताव अनुमोदन भएपछि विद्यालयसँग सम्झौता गरेर विद्यालय पुनःनिर्माण शुरू हुन्छ । यो मोडालिटीमा विभिन्न प्रकार (२, ३, ४, ६ अथवा ८ कोठे) को विद्यालय भवन, शौचालय र खानेपानी सुविधा निर्माण भइरहेको छ । कम्तीमा कक्षा ३ सम्म पढाइ भइरहेको र थोरैमा ५० विद्यार्थी संख्या भएको विद्यालय यो मोडल मार्फत पुनःनिर्माण हुन योग्य हुन्छन् (सापकोटा २०७८) । यो मोडलमा एउटा विद्यालय बनाउन करिब २४ लाख (२ कोठे ट्रस भवनको लागि) देखि करिब १ करोड १० लाख (८ कोठे पक्की भवनको लागि) लागत पर्ने देखिन्छ । यो रेन्जको कुनै पनि विद्यालयमा शौचालय र खानेपानी सुविधा आवश्यक परे करिब २२ लाख (शौचालयको लागि १५ लाख र खानेपानी सुविधाको लागि ७ लाख) थप लागत आवश्यक पर्छ (हेर्नुहोस्, तालिका २) । तुलनात्मक रूपमा कम क्षति र कम विद्यार्थी भएका र साना विद्यालय विव्यसको नेतृत्वमा बनेका छन् । यो मोडलमा शुरूमा जम्मा ७५ प्रतिशत विद्यालय पुनःनिर्माण गर्ने लक्ष्य राखे पनि अहिले बढेर करिब ८० प्रतिशत विद्यालय पुनःनिर्माण हुँदैछन् ।

गैरसरकारी संस्था मार्फत विद्यालय पुनःनिर्माण : यो मोडलमा कुनै पनि गैरसरकारी संस्थाले विद्यालय पुनःनिर्माण गर्न चाहे जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) बाट पुनःनिर्माणको लागि विद्यालय सिफारिस गराई केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मा स्वीकृत डिजाइन सहित पेस गर्नुपर्छ । गैरसरकारी संस्थाले पुनःनिर्माण गर्न लागेको "स्पेसिफिक डिजाइन" साबिक डिजाइनभन्दा भिन्न भए शहरी विकास मन्त्रालयबाट डिजाइन स्वीकृत गर्नुपर्छ (सापकोटा २०७८) । यसको लागि नेपाल सरकार, सम्बन्धित विद्यालय र गैरसरकारी संस्थाबीच त्रिपक्षीय सम्झौता गरेर विद्यालय पुनःनिर्माण गर्नुपर्ने हुन्छ । गैरसरकारी संस्थाहरूबाट बन्ने विद्यालयको औसत लागत प्रति विद्यालय ६७ लाख छ (श्रेष्ठ सन् २०१८क को तथ्यांकमा आधारित) । यो मोडलमा १५ प्रतिशत विद्यालय पुनःनिर्माण गर्ने लक्ष्य राखिएको भए पनि साउन २०७८ को तथ्यांक हेर्ने हो भने गैरसरकारी संस्थाबाट जम्मा १० प्रतिशत विद्यालय मात्र पुनःनिर्माण हुने देखिन्छ । यो मोडलमा सानादेखि ठूला सबै प्रकारका विद्यालय पुनःनिर्माण गरिएका छन् । यसमा गैरसरकारी संस्थाले विद्यालय व्यवस्थापन समिति अथवा निर्माण व्यवसायी मार्फत पनि विद्यालय निर्माण गर्न सक्छन् । गैरसरकारी संस्था र विद्यालय व्यवस्थापन समितिमार्फत

निर्माण हुने विद्यालयमा कुनै विद्यालयलाई चाहिने सबै प्रकारका सुविधा नबनाउन पनि सक्छन् । जसको कारण विद्यालयलाई चाहिने बाँकी कक्षाकोठा वा संरचनाका लागि अर्को दाता आवश्यकता पर्छ ।

निर्माण व्यवसायी मार्फत विद्यालय पुनःनिर्माण : यो मोडलबाट पुनःनिर्माण हुने विद्यालयमा ठूलो र धेरै विद्यार्थी भएको विद्यालय पर्छन् । कम्तीमा पनि २०० विद्यार्थी भएका विद्यालय यो मोडलमा पुनःनिर्माणका लागि योग्य मानिन्छन् । विद्यालय छनोट गरेपछि नेपाल सरकारले दातासँग गरेको सम्झौता अनुसार निर्माण व्यवसायी छनोट गर्ने काम हुन्छ । यो मोडलमा करिब १० प्रतिशत विद्यालय पुनःनिर्माण हुने देखिन्छ । खास गरी दातृ राष्ट्रको ऋण र अनुदानमा बन्ने विद्यालयहरू "कम्प्लिट स्कूल अप्रोच" मा बन्ने भएकाले तिनको लागत बढी हुने बताइन्छ ।

यसको लागि नेपाल सरकार, एशियाली विकास बैंक र जाइकाको साझेदारीमा बनेका प्रायः विद्यालय ऋण सहायतामा बनेका छन् । यसमा एशियाली विकास बैंक, युएसएआईडी र नेपाल सरकारको साझेदारीमा १५४ विद्यालय पुनःनिर्माणको लागि भूकम्पीय आपतकालीन सहायता परियोजना लागू गरिएको छ ।[१५] एशियाली विकास बैंक र नेपाल सरकारको साझेदारीमा २०९ विद्यालय पुनःनिर्माण र १४३ विद्यालय "रेट्रोफिट" गरी कुल ३५२ विद्यालय निर्माणका लागि विपद् उत्थानशील विद्यालय आयोजना कार्यान्वयनमा ल्याइएको छ ।[१६] त्यस्तै, जाइका र नेपाल सरकारको साझेदारीमा २३६ विद्यालय पुनःनिर्माणका लागि आपतकालीन विद्यालय पुनःनिर्माण आयोजना अन्तर्गत काम भइरहेको छ । जापान सरकारको जापानिज फण्ड फर पोभर्टी रिडक्सन र नेपाल सरकारको साझेदारीमा आठ नमूना विद्यालय भूकम्प प्रभावित समुदायका लागि विपद् न्यूनीकरण तथा जीवनयापन पुनःस्थापना आयोजनाले काम गरिरहेको छ (हेर्नुहोस्, तालिका ३) ।

[१५] यसमा अमेरिकी सरकारको ८० करोड अनुदान रकम जोडिएको छ । जुन एशियाली विकास बैंक मार्फत प्राप्त भएको हो ।

[१६] शुरूमा यो आयोजनाबाट जम्मा १८० विद्यालय निर्माण र १३८ विद्यालय "रेट्रोफिट" गरी कुल ३१८ विद्यालय पुनःनिर्माण गरिने सूचीमा थियो । तर आयोजना रकम बचत भएको कारण थप २९ विद्यालय निर्माण र पाँच विद्यालय "रेट्रोफिट" गरिएको छ । यो अरू आयोजनामा पनि लागू भएको छ । जस्तो, शुरूमा साउदी फण्डमार्फत पाँच जिल्लाका २० विद्यालय पुनःनिर्माण गर्ने योजना थियो । पछि यो फण्डबाट २० विद्यालय पुनःनिर्माण भएर बचेको रकमबाट थप पाँच विद्यालय पुनःनिर्माण भइरहेको छ । केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) का शाखा अधिकृत यदु विक्रम थापासँग फेब्रुअरी १, २०२२ मा गरिएको कुराकानी ।

भारत सरकार, जापान सरकार, युएसएआईडीबाट प्राप्त अनुदानमा पनि विद्यालय पुनःनिर्माण कार्य भइरहेको छ (हेर्नुहोस्, तालिका ३)। अनुदानबाट सम्पन्न हुने लक्ष्य राखिएका यी काम विव्यस मार्फत गरिन्छ, जबकि सो काम ठेकेदार मार्फत गर्ने हो भने लागत करिब ३० प्रतिशतले बढ्ने बताइन्छ (श्रेष्ठ सन् २०१८क)। उदाहरणका लागि, भूकम्पले क्षय भएका विद्यालयहरू निर्माण गर्न नेपाल सरकारले एशियाली विकास बैंकसँग "विपद् उत्थानशील विद्यालय परियोजना" अन्तर्गत २० अर्ब (२०० मिलियन अमेरिकी डलर) रुपियाँ खर्च गर्दैछ।[१७] त्यसमध्ये साढे तीन अर्बभन्दा बढी रुपियाँ नेपाल सरकारले नै लगानी गरिरहेको छ। त्यो भनेको प्रति विद्यालय एक करोड रुपियाँ हो। यो २० अर्बबाट जम्मा २०९ विद्यालय मात्रै निर्माण हुनेछन् भने १४३ विद्यालय "रेट्रोफिट" गरिनेछन्। यदि "रेट्रोफिट" गर्न कम खर्च (प्रति विद्यालय एक करोड) लाग्ने हिसाब गर्ने हो भने बाँकी विद्यालयका लागि प्रति विद्यालय करिब ८ करोड ९० लाख रुपियाँ उपलब्ध हुन्छ। त्यस्तै, जाइकासँग ऋण लिएर "आपतकालीन विद्यालय पुनःनिर्माण आयोजना" बाट बनाउन लागिएका विद्यालयको खर्च पनि प्रति विद्यालय औसत करिब छ करोड रुपियाँ पर्छ (हेर्नुहोस्, तालिका ३)।

टर्न-की मोडल : चीन सरकार, युएसएआईडी, नर्वे, कारितास स्विजरल्याण्डले यो मोडल अनुसार विद्यालय पुनःनिर्माण गरेका छन्। यो मोडलमा ७९ (करिब १%) विद्यालय पुनःनिर्माण भइरहेको छ (सापकोटा २०७८)। यी विद्यालय पनि "कम्प्लिट स्कूल अप्रोच" मा बनिरहेका छन्। चीन सरकारको सहयोगमा बनेको काठमाडौँको दरबार हाईस्कूल पनि यही मोडलमा बनेको हो, जसको लागत ८५ करोड थियो (राई र रेग्मी २०७७)।

यी तथ्यांकलाई केलाउँदा विद्यालय पुनःनिर्माणमा लाग्ने खर्चमा अपनाइएको मोडलपिच्छे प्रति विद्यालय लागतमा निकै ठूलो भिन्नता देखिन्छ। विव्यस मार्फत बनेको वा बन्दै गरेको विद्यालयमा कम लगानी भइरहेको छ। तर ऋण र अनुदानबाट बनेका ठूला विद्यालय बढी लगानी र सुविधा सम्पन्न बनिरहेका छन्। विद्यालय (आधारभूत र माबि) को समग्र लगानी हेर्ने हो भने प्रति विद्यालय लागत करिब २४ लाखदेखि लिएर करिब ८५ करोडसम्म भएको देखिन्छ। उही तह (माध्यमिक) मात्र हेर्ने हो भने पनि कुनै विद्यालय करिब १ करोड लागतमा र कुनै करिब ८५ करोडसम्म लगानी भएको पाइन्छ। सरकारले सानो संख्याका (करिब १०%) विद्यालय, जुन सबै हिसाबले सुविधा सम्पन्न हुनेछन्, का लागि ३६ अर्ब रुपियाँ ऋण लिएको मात्र छैन, तिनै विद्यालयमा आफ्नो तर्फबाट पनि ७ अर्ब खन्याएको छ (हेर्नुहोस्, तालिका ३)।[१८]

[१७] यो लेखमा १ अमेरिकी डलर बराबर रु. १०० विनिमयदर मानिएको छ।

[१८] यो तथ्यांकमा साउदी फण्डबाट ऋणमा बनेको विद्यालयको रकम नजोडिएको हुँदा वास्तविक ऋण अझ बढी छ।

तालिका ३ : नेपाल सरकारले ऋण र अनुदानमा लागू गरेका विद्यालय आयोजनाको विवरण

आयोजनाको नाम	दाताको रकम	नेपाल सरकारको रकम	विद्यालय संख्या	कुल रकम	प्रति विद्यालय लागत	दाताहरू
भूकम्पीय आपतकालीन सहायता परियोजना	८,५०,००,००,०००	१,०५,००,००,०००	१५४	९,५५,००,००,०००	६,२०,१२,९८७	एशियाली विकास बैंक, अमेरिकी सहयोग नियोग र नेपाल सरकार
विपद् उत्थानशील विद्यालय आयोजना	१६,४८,००,००,०००	३,५२,००,००,०००	३५२	२०,००,००,००,०००	५,६८,१८,१८२	एशियाली विकास बैंक र नेपाल सरकार
आपतकालीन विद्यालय पुनःनिर्माण आयोजना	११,४८००,००,०००	२,५२,००,००,०००	२३६	४,००,००,००,०००	५,९३,२२,०३३	जापान अन्तर्राष्ट्रिय सहयोग नियोग र नेपाल सरकार
भूकम्प प्रभावित समुदायका लागि विपद् न्यूनीकरण तथा जीवनयापन पुनःस्थापना आयोजना	७०,४०,००,०००	९,६०,००,०००	८	८०,००,००,०००	१०,००,००,०००	जापान अन्तर्राष्ट्रिय सरकार जापानिज फण्ड फर पोभर्टी रिडक्सन र नेपाल सरकार
भारत सरकारको सहयोगमा विद्यालय निर्माण	५,००,००,००,०००	-	७०	५,००,००,००,०००	७,१४,२८,५७१	भारत सरकार
चीन सरकारको सहयोगमा विद्यालय निर्माण	३,००,००,००,०००	-	७	३,००,००,००,०००	४२,८५,७१,४२८	चीन सरकार
कुल रकम	**३६,३६,४०,००,०००***	**७,१८,६०,००,०००**	**८२७**			

स्रोत : यो तथ्यांक केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) को प्रकाशनहरूबाट लिएको हो । यसमा नर्वे सरकार र कारितास स्विजरल्याण्ड, आदिबाट टर्न-की मोडेलबाट पुनःनिर्माण भएको विद्यालयको तथ्यांक सहभागी गरेको छैन ।

** तालिकामा विद्यालय शिक्षा पुनर्निर्माणमा दाताको ऋण र अनुदानको कुल रकम रु. ३६ अर्ब ३६ करोड ४० लाखमा भूकम्पीय आपतकालीन सहायता परियोजनामा अमेरिकी सरकारद्वारा थप गरिएको ८० करोड अनुदान जोडिएको छैन । सो अनुदान रकम पनि जोड्दा आयोजना रकमको जोड ३७ अर्ब १६ करोड ४० लाख हुन जान्छ ।*

यी ठूला र सुविधा सम्पन्न विद्यालयमा आवश्यकताभन्दा धेरै कक्षाकोठा छन् ।[१९] अर्कोतर्फ *विपद् पश्चात्को पुनर्लाभ कार्यढाँचाले* विद्यालय पुनःनिर्माणको लागि आकलन गरेको १३० अर्बमध्ये ८६ अर्बमात्र स्रोत जुटेको छ । अझै ४४ अर्ब रकम कहाँबाट जुट्छ, प्रस्ट छैन । यदि विव्यस मोडलमा विद्यालय पुनःनिर्माण गरिएको भए कम लागतमै काम पूरा गर्न सकिने केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) का पूर्व निर्देशक इमानारायण श्रेष्ठ बताउँछन् ।[२०] अहिले स्रोत अभावकै कारण विद्यालय पुनःनिर्माणको काम प्रभावित भएको छ (अनलाइनखबर २०७८) । विद्यालय सुविधा सम्पन्न र पर्याप्त कक्षाकोठा सहितको बन्नु आफैमा सकारात्मक पाटो हो । तर यसरी ऋण मार्फत जुटाइएको स्रोतबाट कतै अनावश्यक रूपले ठूलो संरचना बनाइएको देखिन्छ भने कतै रातो स्टिकर टाँसिएका जीर्ण विद्यालय भवनमा पढ्न, पढाउन विद्यार्थी र शिक्षक बाध्य छन् । यसले एकतिर स्रोतको सदुपयोग हुन सकेको छैन भने अर्कोतिर स्रोतको बाँडफाँट न्यायसंगत पनि भएन ।

छिमेकी मुलुकको (अ)सहयोग

विद्यालय क्षेत्र पुनःनिर्माणको चौथो ढाँचा (टर्न-की मोडल) अन्तर्गत चीन सरकारले र निर्माण व्यवसायी मार्फत भारत सरकारले बनाउने प्रतिबद्धता जनाएका विद्यालयमा समस्या देखिएको छ । भूकम्पबाट अति प्रभावित जिल्लामध्ये रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ र गोरखाका १०-१० विद्यालय गरी जम्मा ७० विद्यालय पुनःनिर्माण गर्ने प्रतिबद्धता छिमेकी भारतले जनाएको थियो । यी विद्यालय केन्द्रीय/जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) गठन गर्नुभन्दा पहिला नै भूकम्प गए लगतै भारत सरकारले सहयोग गर्ने भनेर छानिएका हुन् । यी विद्यालय पुनःनिर्माणको लागि भारत सरकार र नेपाल सरकार बीचको सम्झौता अनुसार करिब ५ अर्ब (५० मिलियन अमेरिकी डलर) खर्च हुने आकलन गरिएको थियो (श्रेष्ठ सन् २०१८क) ।[२१] काठमाडौँमा भएको दाता सम्मेलनमा भारत सरकारले समग्रमा १ बिलियन अमेरिकी डलर (एक खर्ब रुपियाँ)

[१९] चीन सरकारको सहयोगमा सिन्धुपाल्चोकमा पुनःनिर्मित रत्नराज्य माध्यमिक विद्यालयमा १३७ कोठा र लमजुङको भैरव माध्यमिक विद्यालयमा ६८ कोठा छन् । भैरव माविको ६८ कोठामध्ये २६ कोठा अहिले प्रयोगमा आएको छ भने १७ कोठा होस्टेलको लागि छुट्ट्याइएको छ । अझै २५ कोठा प्रयोगमा आएको छैन (कुइँकेल २०७६) । यस्तो अवस्था ठूलो लगानी भएको अरू विद्यालयमा पनि देखिन्छ ।

[२०] सेप्टेम्बर ४, २०१८ मा मार्टिन चौतारीद्वारा आयोजित अनुसन्धान छलफल शृंखलामा श्रेष्ठद्वारा दिइएको प्रस्तुति (श्रेष्ठ सन् २०१८क) ।

[२१] यसै ५ अर्ब अनुदानबाट त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय पनि निर्माण गर्ने लक्ष्य लिइएको छ (नेपाल २०७५) ।

सहयोगको प्रतिबद्धता जनाएको थियो । यसमा २५० मिलियन अमेरिकी डलर (२५ अर्ब रुपियाँ) अनुदान र ७५० मिलियन अमेरिकी डलर (७५ अर्ब रुपियाँ) सहुलियत ऋण थियो । यो सहयोग भूकम्पपछि नेपाललाई सहयोग प्रतिबद्धता जनाउने अरू देशभन्दा बढी थियो । नेपालका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रेले आफ्नो पुस्तक *काठमाडौँ डिलेमा : रिसेटिङ इण्डिया-नेपाल टाइज* (रे सन् २०२१) मा उल्लेख गरे अनुसार भारत सरकारले आफ्नो मुलुक बाहिर प्रदान गर्ने मानवीय सहायता तथा विपद् सम्बन्धी राहतमा अहिले सम्मकै ठूलो परिणाम थियो । उक्त सहयोग प्रतिबद्धतामध्ये विद्यालय पुनःनिर्माणका लागि कति रकम छुट्ट्याइएको थियो भन्नेबारे भने रेले उल्लेख गरेका छैनन् ।

भारत सरकारले पुनःनिर्माण गर्ने प्रतिबद्धता जनाएका विद्यालयमा पहिलो चरणमा १४ विद्यालय पुनःनिर्माण सम्पन्न भएका छन् । बाँकी ५६ विद्यालयमा पुनःनिर्माण कार्य जारी छ (एम्बेसी अफ इण्डिया सन् २०२१) । दुई देशको सम्झौता अनुसार विद्यालयको डीपीआर तयार पार्ने एवं पुनरावलोकन र निर्माण कार्यको सुपरिवेक्षणको लागि भारत सरकारले प्रोजेक्ट म्यानेजमेन्ट कन्सल्टेन्ट (पीएमसी) नियुक्त गरेको थियो । भारत सरकार अन्तर्गत बनेका विद्यालय निर्माण ढिलो हुने विभिन्न कारणमध्ये निर्माण मोडालिटी पनि एक थियो । शुरूमा भारतले तत्कालीन जिल्ला विकास समिति मार्फत सीधै विद्यालय निर्माण गर्ने सोचेको थियो । तर संघीयता कार्यान्वयनसँगै जिल्ला विकास समिति नरहने भएपछि विद्यालय पुनःनिर्माणको काम केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मार्फत ल्याउन समय लाग्यो (श्रेष्ठ सन् २०१८क; नेपाल २०७५) । भारत सरकार सँगको विद्यालय निर्माण मोडालिटीमा अन्योल बढेपछि भूकम्प गएको करिब २८ महिनापछि दुई देशबीच पुनः नयाँ सम्झौता भयो । यसपछि पनि विद्यालय पुनःनिर्माणका लागि भारतले परामर्शदाता नियुक्त गर्नै समय लगायो । यस सम्बन्धमा नेपाल (२०७५ : ३७) लेख्छन् :

> पहिलो सम्झौताको ढाँचा पुनरावलोकन गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका बेला गत वर्ष ८ भदौ २०७४ मा नयाँ सम्झौता गरियो । उक्त सम्झौतामा पुनःनिर्माण हुने भवनको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयारी, पुनरावलोकन र निर्माण कार्यको सुपरिवेक्षणका लागि भारतका तर्फबाट परियोजना व्यवस्थापन परामर्शदाता नियुक्ति गर्ने उल्लेख छ । परामर्शदाताको सिफारिसमा मात्र अनुदान रकम निकासा हुने सर्त छ । नयाँ सम्झौताको डेढ वर्षसम्म पनि भारतले परामर्शदाता नियुक्त गरेन ।

यसरी भूकम्प प्रभावित जिल्लाका ठूला विद्यालय पुनःनिर्माणमा ढिलाइ भएपछि गाउँ गाउँबाट दबाबका लागि "डेलिगेशन" आउन थाले । यसैको परिणाम स्वरूप प्राधिकरणले

भारतीय दूतावाससँग नयाँ सम्झौता भएपछि माघ २०७५ भित्र दुई पटक छलफल गऱ्यो (नेपाल २०७५) । यसपछि पनि निर्माण व्यवसायीको लापर्वाही र अलमलको कारणले पनि काम अगाडि बढ्न सकेको छैन । उदाहरणका लागि भारतीय दूतावासले ललितपुरको भ्याली कन्स्ट्रक्सन प्रालिसँग धादिङका १० तथा मकवानपुर र काभ्रेका १३ विद्यालय गरी २३ विद्यालय १५ महिनाभित्र निर्माण सम्पन्न गरिसक्ने गरी वैशाख १९, २०७७ मा सम्झौता गरेको थियो (राठौर २०७८) । यसमध्ये धादिङका विद्यालय पुनःनिर्माण गर्न ४४ करोड रुपियाँमा ठेक्का लागेकामा भ्यालीले २० प्रतिशत रकम पेस्की समेत लिइसकेको थियो । यसैबीच सो कम्पनीका सञ्चालक रवीन्द्र महर्जन विभिन्न ठेक्कामा बैंक भौचर लगायत कागजातहरू किर्ते बनाई पेस गरेको आरोपमा पक्राउ परे । उनले विभिन्न स्थानीय ठेकेदारहरूलाई कामको जिम्मा दिएका थिए । तर मूल ठेकेदार पक्राउ परेको र पाउनुपर्ने रकम समेत नपाएका स्थानीय ठेकेदारहरूले बीचैमा काम छाडे । अन्ततः केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले २३ विद्यालयको पुनःनिर्माणको जिम्मा पाएको भ्याली कन्स्ट्रक्सन सँगको ठेक्का सम्झौता रद्द गऱ्यो (राठौर २०७८) ।

त्यस्तै, चीन सरकारको अनुदान सहयोगमा रसुवा, सिन्धुपाल्चोक र दोलखा जिल्लामा प्रति जिल्ला दुई विद्यालय र काठमाडौँमा एक गरी जम्मा सात विद्यालय पुनःनिर्माण गर्ने समझदारी भएको थियो । तर २०७८ को मध्यसम्म आइपुग्दा काठमाडौँको दरबार हाईस्कूल बाहेक अन्य कुनै पनि विद्यालयको पुनःनिर्माणको काम सम्पन्न भएको छैन । यी सबै विद्यालयको "फिजिबिलिटी सर्भे" सम्पन्न भएर काम अगाडि बढिरहेको छ । काम ढिलो हुनुमा पछिल्लो समय कोभिड-१९ महामारी पनि एउटा कारण बन्न पुग्यो । तर यो बाहेक अरू के-के कारणले चीन सरकारले पुनःनिर्माण गर्ने प्रतिबद्धता जनाएका विद्यालयको काम ढिलो भइरहेको हो कसैलाई थाहा छैन ।

भूकम्पपछि चीन सरकारले प्रतिबद्धता जनाएका विद्यालय पुनःनिर्माणको काम समयमा सम्पन्न नभए पनि काम भने भइरहेको छ । तथापि, भूकम्पअघि नै चीन सरकार र नेपाल सरकारबीच "हिमाली कार्यक्रम" अन्तर्गत सम्झौता भई निर्माण हुने भनिएका विद्यालयमा भने भूकम्पपछि जटिल समस्या देखिएको छ । यो कार्यक्रम अन्तर्गत २०६८ मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको चीन भ्रमणका बेला उत्तरी सीमा जोडिएका प्रत्येक विकास क्षेत्रका दुई-दुई ओटा विद्यालय निर्माण गर्ने सम्झौता भएको थियो । चीनले विद्यालय छनोट गरी सर्भे र माटो परीक्षण पनि गऱ्यो (नेपाल २०७५) । यी १० विद्यालयमध्ये छ विद्यालय भूकम्प प्रभावित ३१ जिल्लाभित्र पर्छन् । विद्यालय निर्माण शुरू नहुँदै भूकम्प गयो । भूकम्पले ती छ ओटै विद्यालयमा अरू विद्यालयमा जसरी नै नराम्री क्षति पुऱ्यायो । विद्यालय पुनःनिर्माणका लागि विभिन्न मोडलमा विद्यालय भवनहरू बन्ने भए । भूकम्पअघि नै यी विद्यालय बन्ने सम्झौता भएको कारण भूकम्प

पछिको पुनःनिर्माण प्याकेजमा यी विद्यालयलाई पार्न कठिनाइ भयो । पुनःनिर्माणको लागि स्वतः पुरानै परियोजनाले निरन्तरता पाउने भयो ।

यही हिमाली कार्यक्रम अन्तर्गत पहिलो चरणमा २०७६ मा सिन्धुपाल्चोक र लमजुङमा एक-एक विद्यालय निर्माण सम्पन्न भएको छ । सिन्धुपाल्चोक, ब्रम्हाचीको रत्नराज्य माध्यमिक विद्यालय भवन ८१ करोड लागतमा निर्माण भएको छ । यो विद्यालयमा करिब ६०० विद्यार्थी अध्ययनरत छन् (नेपाल समाचारपत्र २०७४) । साथै, लमजुङको भैरव माध्यमिक विद्यालय ८३ करोड लागतमा सम्पन्न भयो । यस विद्यालयमा करिब ४०० विद्यार्थी पढ्छन् । यी विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाकोठा, नियमित पढाइ हुने कक्षा कोठा, पुस्तकालय, संयुक्त कक्षाकोठा, क्यान्टिन, शौचालय, खेल मैदान, प्रयोगात्मक कक्षा, अध्ययन, कला, संगीत कक्षा, टेबुलटेनिस कक्षा, कम्प्युटर कक्षा, शिक्षक कक्षा एवं कार्यालय लगायतको संरचना निर्माण भएका छन् (कुइँकेल २०७६) ।

निर्माण सम्पन्न भएका विद्यालयका स्थानीय विद्यार्थी, शिक्षक, अभिभावक इत्यादि सन्तुष्ट छन् । तर प्रतिबद्धता जनाएका बाँकी आठ विद्यालय भने कहिले बन्ने कसैलाई थाहा छैन । यसबारे यही परियोजना अन्तर्गत बन्ने भनिएको रसुवाको एक विद्यालयका प्रधानाध्यापकको गुनासो यस्तो छ :

> २०६७/६८ मा चीन सरकारको हिमाली कार्यक्रम अन्तर्गत हाम्रो विद्यालयमा नयाँ भवन बन्ने भयो । सुविधा सम्पन्न विद्यालय बन्ने भएको हुँदा हामी खुशी नहुने कुरै भएन । उक्त परियोजना शुरू नहुँदै २०७२ मा भूकम्प गयो । विद्यालय भवन भत्किए । भूकम्प पछिको विद्यालय पुनःनिर्माण अन्तर्गत नजिकका विद्यालयका भवनहरू ठडिन थाले । यी विद्यालयमा विभिन्न परियोजना अन्तर्गत ठूला-ठूला सुविधा सम्पन्न विद्यालय बने । चीन सरकारले पहिला नै ओगटेर राखेको कारण केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मार्फत निर्माण हुने विद्यालय पुनःनिर्माणमा विद्यालय सरिक हुन पाएनन् । हिजो विद्यालय भवन चीन सरकारले बनाइदिन्छ भनेर कुरा हुने बेला कक्षा १ मा पढ्ने विद्यार्थी आज १० कक्षा पुग्न लागिसके । तर हाम्रो विद्यालय कहिले बन्छ वा बन्दैन हामी अन्योलमा छौँ । यो परियोजना रद्ध गर्न म विभिन्न निकायमा धाएँ । दुई देशको सरकारको कुरा भएको कारण केही गर्न नसक्ने बताइयो । यही कारणले भूकम्पपछि विद्यालयमा पुनःनिर्माणको नाममा कुनै बजेट परेको छैन । विद्यार्थीहरू धुलैमा पढिरहेका छन्,

> विद्यालय भवन समयमा नबनेका कारण नमूना विद्यालयमा पनि आवेदन हाल्न सकेको छैन ।[२२]

नेपाल सरकारको महत्त्वपूर्ण जिम्मेवारीमा बसेका पदाधिकारी कम्तीमा पनि चीन र भारत सरकारबाट बन्ने भनिएका विद्यालयबारे केही भन्न नसक्ने बताउँछन् ।[२३] यस्तै समस्या यही परियोजना अन्तर्गत बन्न लागेको दोलखाको जिरी माध्यमिक विद्यालय, गोरखाको सिंजाली माध्यमिक विद्यालयमा पनि देखिन्छ ।[२४] यी विभिन्न जिल्लाका बाँकी विद्यालयको पुनःनिर्माण प्रक्रिया कहिले शुरू गरिन्छ, र कहिले सम्पन्न हुन्छ, कसैले भेउ पाउन सकेको छैन । थप समस्या के छ भने चीन सरकारले बनाउने भनेर ओगटिएका यी विद्यालयले पुनःनिर्माण ढिलो भएको कारण आफ्नै बुतामा बनाउन या नयाँ दाता खोज्न या फेर्न चाहेर पनि सक्दैनन् । विद्यालय आफैले विभिन्न स्थानीय र बाहिरी स्रोत परिचालन गरेर विद्यालय पुनःनिर्माण गर्न खोजे पनि र त्यसका लागि भरमग्दुर प्रयत्न गरे पनि, त्यो सम्भव हुँदैन । त्यसैले विद्यालयका पदाधिकारीहरू आजित भइसकेका छन् (गुरुङ र पराजुली २०७५) ।

यो समस्याको समाधान गर्ने हो भने प्राधिकरण र नेपाल सरकारले छिमेकी देशहरूलाई "कि त तिमीहरूले चाँडो सक्नुपऱ्यो, कि हामी विद्यालय बनाउने अरू नै उपाय र एजेन्सी खोज्छौं" भन्न सक्नुपऱ्यो । नेपाल सरकारले यसरी ताकेता गरेमा भारत र चीन सरकारले दबाब महसुस गर्न सक्लान् अनि मात्र ती विद्यालयको पुनःनिर्माणले कि त गति लेला वा त्यसो हुन नसके पनि अन्य वैकल्पिक उपायका लागि मार्गप्रशस्त होला (गुरुङ र पराजुली २०७५) ।

विद्यालय पुनःनिर्माण पछिका अप्ठ्यारा

भूकम्पपछि निर्माण भएका विद्यालय भवनलाई लिएर गर्व गर्ने वा गुणगान गाउने धेरै छन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सामाजिक सञ्जाल (ट्वीटर, फेसबुक) मा पनि प्रायः "कम्प्लिट स्कूल अप्रोच" मा बनेका विद्यालयको आकर्षक तस्बिरहरू राखिएको

[२२] रसुवाको निलकण्ठ माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायण देवकोटासँग नोभेम्बर २०, २०२१ फोनमा गरिएको कुराकानी ।

[२३] नेपाल सरकारका पदाधिकारी (कर्मचारी, राजनीतिक नियुक्ति लिएर बसेकाहरू, इत्यादि) सँग तथा रसुवाको निलकण्ठ माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायण देवकोटासँग; दोलखाको जिरी माध्यमिक विद्यालयको प्रधानाध्यापक केशव कुमार कार्कीसँग नोभेम्बर २०२१ मा विभिन्न समयमा गरिएको कुराकानी ।

[२४] केशव कुमार कार्कीसँग नोभेम्बर २०२१ मा र गोरखाको सिंजाली माध्यमिक विद्यालयका प्रधानाध्यापक वल नारायण श्रेष्ठसँग मार्च २०२२ मा गरिएको कुराकानी ।

देखिन्छ । तिनमा विद्यालय व्यवस्थापन समितिबाट बनेका विद्यालय भवनको तस्बिर भने न्यून छन् । तथापि, भूकम्पपछि निर्माण भएका विद्यालय भवनलाई राम्रो स्थितिमा राख्न, ठीक समयमा मर्मत सम्भार गर्न र पुनःनिर्मित सुविधा सम्पन्न विद्यालय सञ्चालन गर्न चुनौती देखिएको छ । निर्माण सम्पन्न भएका ठूला विद्यालय सञ्चालन गर्न खर्चले धान्न मुस्किल हुन थालेको छ । भूकम्पपछि निर्माण व्यवसायी र टर्न-की मोडल मार्फत बनेका विद्यालय "कम्प्लिट स्कूल अप्रोच" मा बनेसँगै विद्यालयमा उपलब्ध गराइएका सुविधाहरू विद्युत, इन्टरनेट, कम्प्युटर, पंखा, नयाँ शौचालयले विद्यालयको व्ययभार थपेको छ । यी संरचना धेरै विद्यालयका लागि आवश्यक पनि छन् । तथापि, यिनलाई चुस्त-दुरुस्त राख्न र आइपर्ने शुल्क तिर्न विद्यालयमा पर्याप्त बजेटको अभाव छ । नेपाल सरकारले यी विद्यालय सञ्चालनको लागि खर्च विनियोजन नगरेका कारण आफैले सञ्चालन खर्च जुटाउनु पर्छ । नेपाल सरकारले विद्यालयलाई विनियोजित बजेटमा प्रायः शिक्षकको तलब भत्ता हुन्छ । तलब बाहेक मसलन्द खर्च भनेर थोरै रकम विद्यालयमा पठाउने गरिन्छ । यही बजेटबाट नै विद्यालय सञ्चालन गर्नुपर्ने बाध्यता छ । सरकारले विद्यालयमा भवन बनाएपछि सबै ठीक-ठाक हुन्छ भन्ने सोच्दा भूकम्पपछि बनेका ठूला संरचनाको आवश्यक रेखदेख र मर्मत सम्भार हुन सकेको छैन ।

यी विद्यालय भवन निर्माणसँगै नेपाल सरकारले कार्यविधि बनाएर विद्यालय चुस्त-दुरुस्त राख्ने नीतिगत उपाय ननिकालेको भने होइन । जस्तै, विभिन्न पालिकाले *विद्यालय संरचनाहरूको मर्मत सम्भार कार्यविधि* समेत जारी गरेका छन् । यो कार्यविधि अनुसार, आवधिक मर्मत सम्भार अन्तर्गत हरेक १० वर्षमा एकपटक पूरै विद्यालय भवनको रंगरोगन गर्ने र हरेक २५ वर्षमा एकपटक छानामा जस्तापाता भएको हकमा जस्तापाता परिवर्तन गर्नुपर्ने, आदि उल्लेख छ । यसका लागि विव्यस मार्फत तोकेको एक जना अभिभावकको संयोजकत्वमा पाँच सदस्य विद्यालय भौतिक संरचना मर्मत सम्भार समिति गठन गर्नुपर्छ । यसको लागि मर्मत सम्भार कोषको पनि परिकल्पना गरिएको छ (हेलम्बु गाउँपालिका २०७६) । तथापि, यो कार्यविधि अनुसार विद्यालय भवन मर्मत सम्भारको लागि स्रोत जुटाउने कुरामा सरकारले स्पष्ट खाका दिन सकेको छैन । भूकम्पपछि निर्माण भएका यी विद्यालयको मर्मत सम्भार कस्तो हुने हो, आउने दिनले बताउला । विद्यालयका व्यवस्थापक एवं सञ्चालकहरू भने विद्यालयलाई थपिन गएको आर्थिक भार सम्झेर चिन्तित हुन थालेका छन् ।

पुनःनिर्मित विद्यालय भवनको मर्मत सम्भार र सञ्चालन अन्य सरोकारवालाहरूको पनि चासोको विषय बनेको पाइन्छ । एशियाली विकास बैंकका प्रतिनिधिले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा डिसेम्बर २०२१ मा काठमाडौँमा आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा आफ्नो प्रस्तुति दिने क्रममा यी सुविधा सम्पन्न पुनःनिर्मित विद्यालय भवनको

ठीक समयमा मर्मत-सम्भार र सञ्चालन कसरी हुन्छ भनेर चासो व्यक्त गरेका थिए । यस्तो चिन्ता केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) का कर्मचारीमा पनि देखिन्थ्यो । ती कर्मचारीका अनुसार उनीहरू गोरखा जाँदै गर्दा बाटोमा जाइकाको सहयोगमा बनेको भवन देखियो । उनको टोली विद्यालय भवनको अवस्था कस्तो रहेछ भनेर जान्न विद्यालयभित्र छिरे । टाढाबाट हेर्दा विद्यालय भवन भव्य र आकर्षक देखिए नजिकै गएर हेर्दा झ्यालका सिसाहरू फुटेका, शौचालय फोहोर र प्रयोगै गर्न नमिल्ने गरी मलमूत्रले भरिएका पाइए ।[२५] सुविधा सम्पन्न विद्यालय भवन बने पनि स्थानीयको अपनत्व नभए पुनःनिर्मित भवन राम्रो अवस्थामा राखिराख्न चुनौती रहेको ती कर्मचारीको भनाइ छ ।

दाताको सहयोगमा सुविधा सम्पन्न विद्यालय बने पनि यसको प्रयोग र सञ्चालनमा धेरै समस्या देखिन थालेको सम्बन्धित विद्यालयका सञ्चालक वा शिक्षक नै बताउन थालेका छन् । चीन सरकारको सहयोगमा सञ्चालित हिमाली विद्यालय परियोजना अन्तर्गत बनेको सिन्धुपाल्चोक जिल्लाको रत्नराज्य माध्यमिक विद्यालयका शिक्षकले आफ्नो चिन्ता यसरी व्यक्त गरे :

> हाम्रो भाग्योदय त भएको छ, तर कुशल व्यवस्थापन गर्न सकिएन भने कतै माग्नेलाई हात्ती जस्तो हुने त होइन भन्ने डर छ । ... बिजुलीको बिलमात्रै मासिक ७० हजार बढीको आउने गरेको छ । सफाइ कर्मचारी राख्नसक्ने अवस्था छैन । दुर्गम भेगबाट आउने गरिब किसानका छोराछोरीसँग शुल्क उठाउने अवस्था छैन । भवन अनुसार गुणस्तरीय शिक्षा दिनु पनि विद्यालयमा चुनौती छ । (अनलाइनखबर २०७६)

यस्तै अनुभव एशियाली विकास बैंकको ऋण सहयोगमा भूकम्पीय आपतकालीन सहायता परियोजना अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा बनेको एक विद्यालयको पनि छ । सो विद्यालयका प्रधानाध्यापकले भने :

> हामीले अरूले तयार पारेको मोडेलमा विद्यालय त बनायौँ । विद्यालय बनाइसकेपछि "मेन्टेनेन्स" ज्यादै खर्चिलो देखिएको छ । कक्षाकोठामा "फ्यान" लगाइदेको छ । नचलाउने भन्ने हुन्न । सबैले चलाइहाल्छन् । विद्युत् आपूर्तिको लागि हिजो १५ एम्पियरको मिटरले काम दिन्थ्यो भने आज ३० एम्पियर जडान गर्नु परेको छ । स्वाभाविक रूपमा विद्युत महशुल खर्च बढेको छ । नयाँ संरचनाकै कारण बर्सेनि ५० देखि ७० हजार हामीलाई विद्युतमा मात्र थप भार परेको छ । अर्को, यो संरचनामा

[२५] केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) का एक कर्मचारीले जुन २०२० को एक कार्यक्रममा व्यक्त गरेको विचार ।

ट्वाइलेटको स्लोप हाम्रो आवश्यकता अनुसारको छैन । यो संरचनामा शौचालय सफा हुन अधिक पानी चाहिन्छ । मेरो विद्यालयमा पानीको चरम अभाव छ । यो संरचना बनेदेखि शौचालय सफा गर्न मलाई पानी किनेर ल्याउनुपर्ने बाध्यता छ । जसले विद्यालयलाई अनावश्यक खर्च बढाएको छ ।[२६]

यसले के देखाउँछ भने अनुदान वा ऋण सहयोग लिएर गाउँ-गाउँमा राम्रा विद्यालय बने पनि कुनै आन्तरिक स्रोत नभएका वा कम भएका विद्यालय सञ्चालन गर्न कठिनाइ परिरहेको छ । थप, ऋण लिएर निर्माण व्यवसायी मार्फत बनेका विद्यालयमा भएको लगानी हेर्दा निकै महँगो पर्न गएको विद्यालयका शिक्षक तथा स्थानीय अभिभावक बताउँछन् । जति खर्च एउटा भवन बनाउन लागेको छ त्यतिनै रकम सीधै विद्यालयलाई दिएमा दुई ओटा त्यस्तै भवन बनाइदिने उनीहरू ठोकुवा गर्छन् ।[२७]

त्यस्तै, कतिपय गैरसरकारी संस्थाले पुनःनिर्माण गरेका विद्यालयको गुणस्तरमा पनि प्रश्न उठेको छ । एक गैरसरकारी संस्थाले गोरखामा एउटा विद्यालय बनायो । सो संस्थाले विद्यालय पुनःनिर्माण गरिसकेपछि विद्यालय भवन राम्रो नबनेको, कमसल सामानहरू प्रयोग गरेको पाइयो । विद्यालय पुनःनिर्माणमा गुणस्तर जाँच गर्न त्यहाँको पालिकाले इन्जिनियर उपलब्ध गराइदिने भने पनि त्यसो नभएका कारण गुणस्तर मापन गर्न समस्या पऱ्यो ।[२८] यो समस्याबारे विद्यालय पुनःनिर्माणपछि स्थानीय निकायका पदाधिकारी, स्थानीयले तारन्तार सम्बन्धित निकायमा जानकारी गराए पनि कतैबाट सुनुवाइ भएन । विद्यालय निर्माणको जिम्मा लिएको गैरसरकारी संस्था काम सम्पन्न भएको सम्झेर गाउँबाट हिँडिसक्यो । थप सरकारले सार्वजनिक गरेको सूची अनुसार पनि यो विद्यालय सम्पन्न विद्यालयमा गणना गरिएको छ ।

एशियाली विकास बैंकको ऋणमा काभ्रेपलाञ्चोकमा बनेको एक विद्यालयमा निर्माण व्यवसायीले तोकिएको गुणस्तर अनुसार विद्यालय नबनाउँदा विद्यालयको भुइँका दुई ओटा ढलान चर्किंयो । र, प्रधानाध्यापकले उनलाई फेरि ढलान गर्न लगाए । ढलानका बेला सिमेन्ट मुछने क्रममा सरकारले तोकेको मापदण्ड अनुसार काम भइरहेको छ कि छैन भनेर निगरानी गर्ने प्राविधिकको कमी र प्राविधिक भए पनि गुणस्तर चेकजाँच गर्ने प्रयोगशाला पहुँचमा नहुँदा यस्ता समस्या देखिएका छन् । सरकारले विव्यसलाई अनुगमनको जिम्मा

[२६] प्रधानाध्यापकसँग सेप्टेम्बर २५, २०२१ मा गरिएको कुराकानी ।

[२७] गोरखा, रसुवा, काभ्रेपलाञ्चोकका स्थानीय तथा शिक्षकसँग सेप्टेम्बर र नोभेम्बर २०२१ मा विभिन्न समयमा टेलिफोनमा गरिएका कुराकानी ।

[२८] गोरखा बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जुलाई १३, २०२० मा शिक्षा पत्रकार समूहको कार्यक्रममा व्यक्त गरेको विचार ।

दिए पनि काम गर्नेलाई कुनै आर्थिक प्रोत्साहन नहुँदा विव्यस मार्फत हुने अनुगमन फितलो भएको बताइन्छ ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले विद्यालय पुनःनिर्माणको क्रममा विभिन्न चुनौतीहरू सामना गर्नुपरेको छ । विद्यालय पुनःनिर्माणको क्रममा बजेट अभाव मुख्य चुनौती हो । त्यस्तै, दक्ष कामदार नपाउनु, पाए पनि समयमा नपाउनु; निर्माण सामग्रीको मूल्य वृद्धि हुनु; भौगोलिक विषमताको कारण निर्माण सामग्री ढुवानीमा बढी रकम लाग्नु; निर्माण व्यवसायीलाई स्थानीयको अवरोधका कारण समयमा विद्यालय निर्माण नहुनु; साधन, स्रोत र जनशक्तिका कारण विद्यालय निर्माण अनुगमन प्रभावकारी रूपमा गर्न नसक्नु; जस्ता अन्य थुप्रै चुनौतीहरू पनि आयोजना इकाईले खेप्नु परेको छ (श्रेष्ठ सन् २०१८ख) । यी सबै कारणले गर्दा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले विद्यालय पुनःनिर्माणको लागि कडाइको साथ तोकिएको गुणस्तर लागू गर्ने प्रतिबद्धता जनाए पनि धेरै ठाउँमा त्यसो हुन नसकेको देखिन्छ ।

निष्कर्ष

अप्रिल २५, २०१५ को भूकम्पपछि भत्किएका विद्यालय पुनःनिर्माणमा देखिएको असमानता एवं ढिलासुस्तीलाई यस लेखले उजागर गरेको छ । भूकम्पबाट कम्तीमा ३१ जिल्लाका हजारौँ विद्यालय र त्यहाँका लाखौँ विद्यार्थी प्रभावित रहेका भए पनि सरकारी मापदण्ड एवं दाताहरूको अनुकूलतामा भएका छनोटका आधारमा कुनै विद्यालयमा असीमित स्रोत खन्याउने र कुनै विद्यालय स्रोतको अभावमा जीर्ण भवनमै विद्यार्थी पढाउनुपर्ने बाध्यता रहेको यो अध्ययनले देखाएको छ । कतै ठूलो लागतमा सुविधा सम्पन्न भौतिक संरचना र आवश्यकभन्दा बढी कक्षाकोठा सहितका विद्यालय निर्माण भइरहेको छ भने कतै दुई कोठे ट्रस भवन मात्रै बनिरहेका छन् । भूकम्पबाट प्रभावित १,५०० भन्दा बढी विद्यालयमा सरकारी मापदण्ड र स्रोत अभावका कारण कुनै बजेट पुग्न नसक्दा ती कहिले पुनःनिर्माण हुने हुन् कुनै टुंगो छैन । तीन वर्षमै पुनःनिर्माण सम्पन्न भइसक्ने लक्ष्य राखिएको विद्यालयमा बजेटको अभावमा भूकम्प गएको सात वर्ष बित्नलाग्दा पनि निर्माणाधीन अवस्थामै रहेका छन् । विद्यालय पुनःनिर्माणमा देखिएको यस्तो कमजोर व्यवस्थापनले संविधानले सुनिश्चित गरेको राज्यको आँखामा सबै नागरिक समान हुन् उनीहरूले राज्यबाट समान स्तरको सेवा सुविधा पाउँछन् भन्ने मान्यतालाई खण्डित गरेको छ । कुनै पनि विद्यालय भव्य र सुविधा सम्पन्न बन्नु आफैमा असहमति जनाउनुपर्ने विषय होइन, तथापि सीमित विद्यालयहरूमा मात्र भएको स्रोतको अधिकांश हिस्सा खर्च गर्दा अरूले चाहिँ स्रोतमाथि पहुँच नै नपाउने अवस्था आउनु दुःखद हो ।

पुनःनिर्माणका लागि विद्यालय छनोटको अव्यावहारिक आधार र पुनःनिर्माणका फरक-फरक मापदण्डमा रहेको अवस्थामा विद्यालय छनोटमा वा स्रोत प्राप्त गर्ने सम्बन्धमा देखिएको "आफ्नो मान्छे" तथा दाताले पनि आफ्नो अनुकूलतामा क्षेत्र तोकेर विद्यालय छनोट गर्ने परिपाटीले स्रोत बाँडफाँट न्यायसंगत र प्रभावकारी हुन सकेन । जिम्मेवार निकायमा रहेका कर्मचारी वा नेतृत्वका नजिकका वा आसेपासेहरूले पुनःनिर्माणका लागि सजिलै छनोट हुने वा स्रोत प्राप्त गरेको अवस्थामा राजनीतिक नेतृत्व तथा कर्मचारीहरूसँग जानपहिचान नभएका वा पहुँच नपुगेकाहरूले भने अनेक झन्झट बेहोर्नुपरेको कुराकानीका क्रममा बताएका थिए । यसले सरकारले तोकेको मापदण्डकै पनि सही कार्यान्वयन नभएको देखायो ।

विद्यालय पुनःनिर्माणमा दाताहरूको रवैया पनि विवादमुक्त बन्न सकेन । भूकम्प लगतै (केन्द्रीय आयोजना कार्यान्वयन इकाई [शिक्षा] स्थापना हुनुभन्दा पहिला) चीन र भारतले विद्यालय पुनःनिर्माणको लागि विद्यालय छनोट गरे पनि यी विद्यालय पुनःनिर्माणमा भइरहेको ढिलाइप्रति नेपाल सरकार र छिमेकी राष्ट्र दुवै पक्षको संवेदनशीलता देखिएन । यसको मार भने स्थानीय नागरिक र विद्यालय व्यवस्थापनले खेप्नुपरेको छ । त्यसमाथि, चीन सरकारले दशकअघि नै सम्झौता गरेको हिमाली कार्यक्रम अन्तर्गत उहिल्यै निर्माण भइसक्नुपर्ने विद्यालयहरू समयमा नबनेकाले भूकम्पपछि उत्पन्न थप जटिल परिस्थितिका कारण परियोजनाद्वारा लक्षित छ ओटामध्ये चार ओटा विद्यालय कहिले बन्ने कुनै अत्तोपत्तो छैन । भारत सरकारको अनुदानमा बन्ने भनेर छानिएका विद्यालयको पुनःनिर्माण कार्यमा पनि प्रशस्त ढिलाइ भइरहेको छ । छिमेकी देशले निर्माण गरिदिने आश्वासन दिएका विद्यालय समयमा नबन्ने र विद्यालय व्यवस्थापन वा स्थानीय सरकार आफैले आफ्नो सहजतामा अन्य दाता पनि खोज्न नमिल्ने अप्ठेरो परिस्थितिले फरक खालको समस्या सिर्जना भएको छ । यी बाहेक पनि दातृ राष्ट्र वा निकायहरूले प्रतिबद्धता गरे अनुरूपको सहयोग प्राप्त नहुने वा त्यसमा ढिलाइ हुनाले पनि त्यसबाट विद्यालय पुनःनिर्माण कार्य प्रभावित हुन पुगेको देखिन्छ । स्रोत नै नपुगेर शुरू निर्माण हुन नसकेका विद्यालयको त कुरै छोडौँ, समयमा आर्थिक स्रोत प्राप्त हुने ठानेर निर्माण कार्य शुरू गरिएका कैयौँ विद्यालयको निर्माण कार्य अपूरो रहँदा विद्यार्थीहरू अस्थायी टहरोमै पढ्न बाध्य भइरहेका छन् ।

समग्रमा, भूकम्पजस्तो विपद्को अवस्थाले नेपालको विद्यालय क्षेत्रमा ल्याएको अस्तव्यस्ततामा नेपाल सरकारले लिएको पहल र त्यसमा दातको साथ र सहयोगलाई पूरै नजरअन्दाज गर्न मिल्दैन । तर एकैपटक धेरै ठूलो समस्याको सामना गर्नुपरेको र सीमित स्रोत साधनको जोहो हुने अवस्थामा उक्त स्रोत साधनको परिचालन कसरी न्यायसंगत र प्रभावकारी तरिकाले गर्ने भन्ने बारेमा भने धरातलीय यथार्थ र आवश्यकताको पर्याप्त ख्याल गरिएन । भूकम्प पश्चात्को विद्यालय पुनःनिर्माणको यो अध्ययनले एउटा कोणबाट

नेपालमा वैदेशिक सहयोग परिचालन वा त्यसको बाँडफाँटमा देखा पर्ने व्यावहारिक पाटोलाई उजागर गरेको छ ।

धन्यवाद

यो अनुसन्धानको क्रममा आफ्नो विचार र अनुभव साटेर मलाई सहयोग गर्ने सबैप्रति धन्यवाद दिन चाहन्छु । अनुसन्धानको शुरूआती चरणमा "कन्सेप्ट फ्रेम" गर्न सहयोग गर्नु हुने लोकरञ्जन पराजुलीप्रति आभार प्रकट गर्न चाहन्छु । लेखन कार्यमा हर तवरले टिप्पणी र सुझाव दिएर सहयोग गर्ने प्रत्यूष वन्त र भाषा सम्पादन गरिदिनु हुने देवराज हुमागाईं प्रति कृतज्ञ छु । लेखको विभिन्न चरणमा मस्यौदा पढेर टिप्पणी गरी लेखलाई थप परिमार्जन गर्न महत्त्वपूर्ण सहयोग गर्नुहुने देवेन्द्र उप्रेती, सन्जिला मोक्तान, श्याम कुँवरलाई धन्यवाद । लेखनको क्रममा साथ सहयोग गर्नुहुने कञ्चन केसी, रोशनी घिमिरे, अमन गारू र बुद्ध श्रेष्ठप्रति आभारी छु । यो लेख डेनमार्कको विदेश मन्त्रालयको आर्थिक सहयोगमा मार्टिन चौतारी, काठमाडौँ विश्वविद्यालय र आर्हुस विश्वविद्यालय, डेनमार्कद्वारा सञ्चालित "नेपालको शिक्षा क्षेत्रमा सार्वजनिक वित्तको गतिशीलता" परियोजना अन्तर्गत तयार गरिएको हो ।

सन्दर्भ सामग्री

अनलाइनखबर । २०७६ । एक अर्ब चिनियाँ सहयोगमा बनेको विद्यालयको कथा । पुस ५ । www.onlinekhabar.com/2019/12/822068 मा उपलब्ध; मंसिर १५, २०७८ मा हेरिएको ।

अनलाइनखबर । २०७८ । रकम अभावले विद्यालय पुनर्निर्माण प्रभावित । कात्तिक ५ । www.onlinekhabar.com/2021/10/1028485 मा उपलब्ध; माघ १, २०७८ मा हेरिएको ।

कुइँकेल, नवीनराज । २०७६ । ८३ करोड लगानीमा चीनले बनाइदियो लमजुङमा विद्यालय । असोज २७ । https://annapurnapost.com/news/138637 मा उपलब्ध; मंसिर १५, २०७८ मा हेरिएको ।

कैनी, सुदीप । २०७८ । १५ सय विद्यालय पुनर्निर्माण बाँकी । वैशाख १५ । https://ekantipur.com/business/2021/04/28/161957225165248739.html मा उपलब्ध; माघ १, २०७८ मा हेरिएको ।

गुरुङ, रुख र लोकरञ्जन पराजुली । २०७५ । भूकम्पपछिको विद्यालय पुनर्निर्माण । *नागरिक*, कात्तिक १८, पृ. ६ ।

गौतम, भवानीश्वर । २०७६ । धराप कि विद्यालय । पुस २६ । https://nayapatrikadaily.com/news-details/33386/2020-01-11 मा उपलब्ध; पुस २५, २०७८ मा हेरिएको ।

दाहाल, रामजी । २०७४ । भूकम्पले भत्काएका विद्यालय पहिलेकै अवस्थामा फर्काउने प्रयास । *शिक्षक* १०(१११) : १८–२१ ।

नेपाल समाचारपत्र । २०७४ । विद्यालय बनाउन चिनियाँ परियोजना । जेठ १० । www.newsofnepal.com/2017/05/24/33688/ मा उपलब्ध; मंसिर १३, २०७८ मा हेरिएको ।

नेपाल, जनक । २०७५ । भूकम्पमा छिटो, पुनर्निर्माणमा ढिलो । *नेपाल* १९(२६) : ३६–३८ ।

राई, गणेश र अनिस रेग्मी । २०७७ । चिटिक्क दरबार हाईस्कूल (फोटोफिचर) । कात्तिक ४ । https://ekantipur.com/photo_feature/2020/10/20/160320145365996517.html मा उपलब्ध; पुस २७, २०७८ मा हेरिएको ।

राठौर, हरिहरसिंह । २०७८ । २३ विद्यालय भवन निर्माण अलपत्र । वैशाख १९ । https://ekantipur.com/pradesh-3/2021/05/02/16199210698582805.html मा उपलब्ध; माघ १, २०७८ मा हेरिएको ।

रापुप्रा (राष्ट्रिय पुनर्निर्माण प्राधिकारण) । २०७५क । *विद्यालय पुनर्निर्माण झलक २०७४* । काठमाडौँ : रापुप्रा ।

रापुप्रा (राष्ट्रिय पुनर्निर्माण प्राधिकारण) । २०७५ख । *विद्यालय पुनर्निर्माण कार्यविधि, (पहिलो संशोधन) २०७५* । काठमाडौँ : रापुप्रा ।

रापुप्रा । २०७७ । *विद्यालय पुनर्निर्माण सहयोगी पुस्तिका २०७७* । काठमाडौँ : रापुप्रा ।

श्रेष्ठ, इमनारायण । सन् २०१८क । भूकम्पपछि विद्यालय पुनर्निर्माण । www.youtube.com/watch?v=rLbGx-r8R-k मा उपलब्ध; माघ १, २०७८ मा हेरिएको ।

सापकोटा, रामशरण । २०७८ । विद्यालय पुनर्निर्माण अनुकरणीय । *पुनर्निर्माण,* पुस, पृ. १७–२३ ।

हेलम्बु गाउँपालिका । २०७६ । *विद्यालय भौतिक संरचना सम्भार कार्यविधि २०७६* । हेलम्बु : हेलम्बु गाउँपालिका ।

Embassy of India. 2021. Joint Secretary Anurag Srivastava Jointly Inaugurated and Marks Seven Reconstruction Projects in Kavrepalanchowk District under Government of India's Grant Assistance. Available at www.indembkathmandu.gov.in/news_letter_detail/?id=235; accessed January 9, 2022.

NPC (National Planning Commission). 2015. *Nepal Earthquake 2015: Post Disaster Needs Assessment*. 2 Vols. Kathmandu: NPC.

NRA (National Reconstruction Authority). 2016. *Nepal Earthquake 2015: Post Disaster Recovery Framework 2016–2020*. Kathmandu: NRA.

Rae, Ranjit. 2021. *Kathmandu Dilemma: Resetting India-Nepal Ties*. Haryana: Penguin Random House India.

Shrestha, Ima Narayan. 2018b. Three Years of School Reconstruction. Available at: http://www.nra.gov.np/np/resources/details/RO1vcF5ki1fifQfnqKVJ98up2Lyjk5jul176zggqn1Y; accessed March 29, 2022.